मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

एक महिनाभित्र काम सुरु नगरे घुमाउने पुलको ठेक्का तोडिनेछः मन्त्री घिसिङ

समाचार पृष्ठ ५ मा



● वर्ष ४ ● अंक ३२ ● २०८२ साल मंसिर २८ गते आइतबार ● Sunday 14, December 2025 ● सूर्योदयः बिहान ०६:४५ बजे ● सूर्यास्तः साँझ ५:१३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# सीमा सुरक्षामा नम्बर १३ गणको सफलता

## भन्सार राजस्व वृद्धि १३%, २२ करोड २२ लाख बढीका सामान बरामद



*सीमामा हुने राजस्व चुहावटको घटनामा सशस्त्रले निर्मम भएर कारबाही गर्दा भन्सार राजस्व वृद्धि, भन्सारको लक्ष्य र सशस्त्रको प्रगति मात्रै होइन राज्यकै ठूलो उपलब्धि हो ।*

**अवधिः पाँच महिना**
**सीमा सुरक्षा क्षेत्रः १०७ किलोमिटर**
**वीरगंज भन्सारः १३ करोड ६२ लाख ७२ हजार ६९५ रुपैयाँ**
**राजस्व, पथलैयाः ८ करोड ५९ लाख ७२ हजार ७५० रुपैयाँ**
**उपलब्धिः वीरगंज भन्सारको राजस्वमा १३% वृद्धि**

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेड क्वाटर पर्साको काम हो सीमा सुरक्षा । हो, सीमा सुरक्षामा खटिएका गणले राज्यको राजस्व चुहावट नियन्त्रणमा चाहना राख्यो भने कतिसम्म सफलता मिल्छ भन्ने नतिजा देखिएको छ । नम्बर १३ गणले गरेको उल्लेख्य कामको यतिखेर सबैतिर चर्चा भएको हो ।

सशस्त्र प्रहरी संगठनमा सबै कमाण्डरहरु उच्चस्तरको प्रगति देखाउने होडबाजी नै चलेजसरी नम्बर १३ गणले गरेको प्रगति लोभलाग्दो देखिएको छ ।

चालु आर्थिक वर्षको करिब पाँच महिनाको अवधिमा राजस्व चुहावट नियन्त्रणमा प्रभावकारी ढङ्गले काम सम्पन्न गर्न सशस्त्र सफल भएको छ । चालु आर्थिक वर्षको पाँच महिनामा सीमावर्ती भारतीय बजारबाट भन्सार छली गरेर भित्र्याइएका १३ करोड ६२ लाख ७२ हजार ६ सय ९५ रुपैयाँ पर्ने वस्तु तथा सामान बरामद गरेर वीरगंज भन्सार कार्यालयमा बुझाएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेड क्वाटर पर्साका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक भट्टले सशस्त्र प्रहरीको सक्रियता बढाएसँगै अवैध चोरी–तस्करी गरेर भित्र्याइने वस्तु तथा सामान नियन्त्रणमा लिने क्रम उल्लेख्य बढेको बताए ।

'सशस्त्र प्रहरीले अघिल्लो आर्थिक वर्षमा २८ करोड ९२ लाख ५० हजार रुपैयाँ बराबरका अवैध चोरी तस्करीका सामान बरामद गरेको थियो,' उनले भने, 'चालु आवमा पनि बरामदी हुने सामानको उल्लेखनीय मात्रामा बढेको छ र यो वर्ष राजस्व चुहावट नियन्त्रणमा अरु सफलता हात पर्ने पक्का छ ।'

सशस्त्र प्रहरी बल नेपाल पर्साले चालु आवको झण्डै पाँच महिनाको अवधिमा बिलबिजकभन्दा बढीका आठ करोड ५९ लाख ७२ हजार ७ सय ५० रुपैयाँ मूल्य पर्ने सामान राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको छ । जबकि सशस्त्र प्रहरीले गत आवभरिमा ११ करोड ९९ लाख ४७ हजार १ सय ७८ रुपैयाँ मूल्य पर्ने बिलबिजकभन्दा बढीका सामान राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको थियो ।

सशस्त्र प्रहरी उपरीक्षक भट्टले पर्सामा १ सय ७ किलोमिटर खुला सीमानाका छिमेकी मुलुक भारतसँग जोडिएकाले पनि सशस्त्र प्रहरले चोरी तस्करी नियन्त्रणमा प्रभावकारी कदम चाल्दै आइरहेको बताए । 'हामीले तालिमप्राप्त कुकुरदेखि २४ औँ घण्टा सशस्त्र प्रहरी सीमा क्षेत्रमा खटाएर चोरी तस्करी नियन्त्रण गर्नका लागि प्रभावकारी कदम चाल्दै आइरहेका छौँ,' उनले भने, 'सशस्त्र प्रहरीले चोरी तस्करी नियन्त्रणमा कदम चालेसँगै वीरगंज भन्सार कार्यालयले पनि उत्साहजनक ढङ्गले राजस्व सङ्कलन गर्दै आइरहेको छ ।'

वीरगंज भन्सार कार्यालयले चालु आवको चार महिनामा ७५ अर्ब ५९ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ । जबकि गत आव सोही अवधिमा भने कार्यालयले ६६ अर्ब ७३ करोड रुपैयाँ मात्रै राजस्व सङ्कलन गरेको थियो । गत आवको चार महिनाको तुलनामा चालु आवको चार महिनाको अवधिमा वीरगंज भन्सार कार्यालयले १३ प्रतिशतअर्थात् आठ अर्ब ७६ करोड रुपैयाँ बढी राजस्व सङ्कलन गरेको छ ।

सशस्त्र प्रहरी उपरीक्षक भट्टले चालु आवमा बेमौसमी बर्सात, जेन्जी प्रदर्शन, छिमेकीमुलुक भारतको विहार राज्यमा भएको विधानसभा निर्वाचनलगायतको बाबजुत पनि राजस्व सङ्कलनमा उत्साहजनक देखिनु सकारात्मक पाटो रहेको बताए । 'सशस्त्र प्रहरीले आफ्नो जिम्मेवारीलाई इमान्दारीपूर्वक कार्यसम्पादन गर्दै आइरहेको छ,' उनले भने, 'अहिले पर्सा जिल्लामा हुने चोरी तस्करी नियन्त्रणमा पनि सबैको साथ र सहयोगको कारणले पनि उल्लेखनीय प्रगति हासिल गर्न सकिरहेका छौँ ।'

सशस्त्र प्रहरी बल पर्साले विपद्मा उद्धार पनि उत्तिकै प्रभावकारी भूमिका निर्वाह गर्दै आइरहेको छ । असोज १८ र १९ गतेको बाढीमा पनि यहाँ भएको डुबानमा सुत्केरी महिलालगायतको उद्धारमा सक्रियतापूर्वक खटिएको थियो । त्यस्तै गरी सशस्त्र प्रहरीले कट्टुवा पेस्तोलसहित दुई जना व्यक्तिलाई नियन्त्रणमा लिएर नेपाल प्रहरीको जिम्मा लगाएको छ । सशस्त्र प्रहरीले चालु आवको झण्डै पाँच महिनाको अवधिमा ३ सय ५० किलोग्राम गाँजा बरामद गरेको छ । ३० दशमलव ९८ किलोग्राम चरेश बरामद गरेको छ ।

'राजस्व चुहावट नियन्त्रणमा स्थानीयको पनि साथ चाहिन्छ,' भट्टले भने, 'सीमा हुने राजस्व चुहावटको घटनामा सशस्त्रले निर्मम भएर कारबाही गर्दा भन्सार राजस्व वृद्धि भन्सारको लक्ष्य र सशस्त्रको प्रगति मात्रै होइन, राज्यकै ठूलो उपलब्धि हो ।'

एड्स अन्त्यका लागि समतामूलक पहुँच

एचआइभीबारे जान्नुपर्ने चार कुराहरुः

- तपाईंलाई एचआइभी भएपनि थाहा नहुन सक्छ ।
- चुम्बन गर्दा, अंकमाल गर्दा, हात मिलाउँदा अथवा खाना र पानी बाँडेर खाँदा एचआइभी सर्दैन ।
- एचआइभी नीको पार्ने उपचार छैन, तर समयमै निदान गरी मेडिकल हेरचाह गर्नाले एचआइभीलाई नियन्त्रण गर्न सकिन्छ ।
- रगत, वीर्य, योनीबाट निस्कने तरल पदार्थ र संक्रमित आमाको दूधबाट एचआइभी सर्नसक्छ ।

जनहितमा जारी सन्देश

स्वास्थ्य निर्देशनालय
सपही, मधेश प्रदेश, नेपाल

# मन्त्रालय भागबण्डामा सहमति नजुट्दा मधेशमा मन्त्रीपरिषद् विस्तार अलपत्र



**जनकपुरधाम ।**
मधेश सरकारको मन्त्रिपरिषद् विस्तार मन्त्रालय भागबण्डामा सहमति नजुट्दा अलपत्र परेको छ ।

नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्ण यादव मुख्यमन्त्री नियुक्त भएको ९ दिन भई सक्दा समेत सत्ता गठबन्धन भित्र मन्त्रालय भागबण्डामा सहमति जुट्न सकेको छैन ।

जसले गर्दा मन्त्रीपरिषद विस्तार अल्झिएको छ नै त्यो संग संगै विश्वासको मत कहिले लिने भन्ने विषयमा समेत अन्यौलता बढ्दै गईरहेको छ ।

नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवको नेतृत्वमा बनेको गठबन्धनको सरकारले मन्त्रिपरिषद् विस्तार, सभामुख चयन र विश्वासको मत लिने विषयमा छलफल गर्न निरन्तर बैठक बोलाई रहेपनि कुनै ठोस निष्कर्ष निकाल्न सकेको छैन ।

बैठकमा सहभागी नेताहरूका अनुसार मन्त्रालयको संख्या, कुन दलले कति मन्त्रालय लिने र शक्तिशाली मन्त्रालय कसलाई दिने भन्ने विषयमा सहमति जुट्न सकिरहेको छैन । सत्ता गठबन्धनभित्र मन्त्रालय भागबण्डालाई लिएर मतभेद देखिएको छ । केही दलले प्रदेशसभामा रहेको सिट संख्याका आधारमा मन्त्रालय बाँडफाँड हुनुपर्ने अडान राख्दा अन्य दलले सरकार गठनमा दिएको राजनीतिक समर्थनका आधारमा भागबण्डा गर्नुपर्ने प्रस्ताव अघि सारेका छन् । यही असमझदारीका कारण निर्णयमा गठबन्धन भित्रका दलहरु पुग्न सकेका छैनन् ।

यसैबीच, जनता समाजवादी पार्टी नेपालका संसदीय दलका नेता सरोजकुमार यादव देशबाहिर रहेकाले निर्णायक छलफल थप ढिलाइ भएको बताइएको छ । बैठकमा सहभागी एक नेताले भने, 'मुख्य दलका नेता अनुपस्थित हुँदा सहमति बन्न सकेको छैन ।'

जसपा नेपालका प्रमुख सचेतक रामअशिष यादवले अनुसार एमालेको महाधिवेशनलाई ध्यानमा राख्दै पुसको पहिलो साताभित्र मुख्यमन्त्रीले विश्वासको मत लिने विषयमा भने मोटामोटी सहमति भएको जानकारी दिए । त्यसपछि प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरूको सिट संख्याको आधारमा मन्त्रालय बाँडफाँडमा सहमति जुटाउने विषयमा निर्णय गर्न पुनः बैठक बस्ने तयारी छ ।

यद्यपि गठबन्धनका दलहरू मुख्यमन्त्रीलाई विश्वासको मत कहिले लिने विषयमा एकमत देखिएका छन् । जनमत पार्टीका संसदीय दलका नेता तथा अर्थमन्त्री महेश यादवले केही दिनभित्र अर्को बैठक बसेर मन्त्रालय बाँडफाँड टुंग्याइने दाबी गरे ।

गत मंसिर १९ गते ७ दलीय गठबन्धनको समर्थनमा कृष्णप्रसाद यादव मुख्यमन्त्री नियुक्त भएका थिए । उनी मंसिर २१ गते पद तथा गोपनीयताको शपथ लिएका थिए । सोही दिन कांग्रेस, जनमत पार्टी र नेकपा एकीकृत समाजवादीबाट तीन मन्त्री नियुक्त भए पनि त्यसयता मन्त्रिपरिषद् विस्तार हुन सकेको छैन ।

जनमतका महेश यादवलाई अर्थ मन्त्रालयको जिम्मेबारी दिइएको थियो भने कांग्रेसका जंगीलाल राय र नेकपा एकिकृत समाजवादी पार्टीका कनिष पटेललाई विनाविभागीय मन्त्री बनाइएको थियो ।

# एनपिएलको उपाधि लुम्बिनी लायन्सलाई




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लुम्बिनी लायन्सले सुदूरपश्चिम रोयल्सलाई पराजित गर्दै दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)क ो उपाधि जितेको छ । काठमाडौँ, कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालामा शनिबार भएको खेलमा लुम्बिनी लायन्सले गत संस्करणको उपविजेता सुदूरपश्चिम रोयल्सलाई छ विकेटले पराजित गर्दै उपाधि जितेको हो ।

सुदूरपश्चिम यसपट्क पनि उपविजेतामै रोकियो । पहिलो संस्करणको फाइन खेलमा सुदूरपश्चिम जनकपुर बोट्ल्ससँग पराजित भएको थियो । यसपटक उपाधिसहित लुम्बिनीले एक करोड १० लाख रुपैयाँ हात पार्‍यो । उपविजेता सुदूरपश्चिमले ५१ लाख रुपैयाँमा चित्त बुझायो ।

सुदूरपश्चिमले जितका लागि दिएको ८६ रनको लक्ष्य पछ्याएको लुम्बिनीले नौ ओभरमा चार विकेट गुमाउदै लक्ष्य पूरा गर्‍यो ।

लुम्बिनीका लागि दिनेश अधिकारीले सर्वाधिक ४२ रनको योगदान दिए । उनले १३ बलमा एक चौका र पाँच छक्का प्रहार गर्दै ४२ रनको योगदान गरेका हुन् ।

यस्तै, डार्सी शर्टले १४ रन बनाए । उनले १३ बलमा तीन चौका प्रहार गर्दै १४ रन बनाए । कप्तान रोहित पौडेलले १६ रन बनाए । उनले १२ बलमा दुई चौका र एक छक्का प्रहार गर्दै १६ रन बनाएका हुन् । निरोशन डिक्वेलले ११ रनमा अविजित रहे । यस्तै, सन्दिप जोरा शून्यमा आउट भए ।

बलिङतर्फ सुदूरपश्चिमका हेमन्त धामीले दुई विकेट लिए भने

बाँकी पृष्ठ २ मा

# ठेक्का तोडेर भए पनि मटिअर्वा–मानमत सडक निर्माण गरिने

**बारा ।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले बाराको मटिअर्वा–मानमतअन्तर्गत को साढे तीन किलोमिटर सडक निर्माण छिट्टै शुरु गर्ने बताएका छन् ।
उनले कलैयाको सडक निरीक्षण गर्दै सडक विस्तारमा भइरहेको ढिलाइका विषयमा ठेकेदारले नसकेको अवस्थामा ठेक्का तोडेर भए पनि चाँडोभन्दा चाँडो सो सडक निर्माण अगाडि बढाउने प्रतिबद्धता जनाए । 'नागरिकले वर्षायाममा भोग्दै आएको समस्यालाई हामीले बुझेका छौँ । त्यसैले यो सडक निर्माणतर्फ म निकै संवेदनशील छु,' मन्त्री घिसिङले भने । मन्त्री घिसिङले महागढी नगरपालिकाको शक्तिपीठ गढीमाई मन्दिरमा पुजापाठ गरे ।
भारतीय निर्माण कम्पनी भिस्वा कन्ट्रक्सनले २०६८ सालमा बाराको मटिअर्वा–मानमतअन्तरगत को २७ किलोमिटर सडक कालोपत्रे शुरु गरेको थियो । हुलाकी मार्ग आयोजनाअन्तर्गत तत्कालीन समयमा कम्पनीले २३ किलोमिटर मात्रै कालोपत्र गरी साढे तीन किलोमिटर अधुरै छाडेको थियो । त्यसयताका १४ वर्षमा कालोपत्र गर्न बाँकी सडक हालसम्म अलपत्र छ ।
पछि आशीष–डिएस जेभीले २०७३ कात्तिक ३ मा ठेक्का लिए पनि निर्माण सम्पन्न गरेन । पछिल्लो कम्पनीले दुई वटा प्याकेजमा ठेक्का लिएको थियो । पहिलो प्याकेज २३ करोड ७३ लाख ४२ हजार रुपैयाँ र दोस्रो प्याकेज २२ करोड ४५ लाख ९३ हजार रुपैयाँमा ठेक्का लिएको थियो ।
सप्तकोशी जलाधार–ओम साइ एण्ड कम्पनीले २०७८ पुस २७ मा खण्डको ठेक्का लिएको थियो । कम्पनीले जम्मा १८ प्रतिशत मात्रै काम गरेको छ । हुलाकी मार्ग आयोजना वीरगंजका सूचना अधिकारी धर्मेन्द्रकुमार दासका अनुसार २२ करोड ३१ लाख ८६ हजार रुपैयाँमा ठेक्का लागेकोमा चार करोड १५ लाख रुपैयाँ भुक्तानी भइसकेको छ ।



**तालिममा मुख्य न्यायाधीशः** जनकपुरधाम उच्च अदालतका मुख्य न्यायाधीश टेकनारायण कुँवर 'द आर्टस अफ लिभिङ'ले शनिबार जनकपुरधाममा आयोजना गरेको युवा नेतृत्त्व तालिम कार्यक्रममा सहभागी हुँदै । तस्बिरः रासस

# त्रिजुद्धमा निःशुल्क आँखा शिविर

**मधेशदृष्टि**
**वीरगंज ।**
त्रिजुद्ध महावीर प्रसाद रघुवीर राम प्राविधिक माध्यमिक विद्यालयमा शनिबार निःशुल्क आँखा शिविर सञ्चालन गरिएको छ । विसं २०४२ सालको एसएलसी ब्याचको पहल तथा साहेब दरबारको सहयोगमा आयोजित शिविरले स्थानीय समुदायको आँखासम्बन्धी स्वास्थ्य समस्या पहिचान तथा उपचारलाई लक्षित गरेको थियो ।
शिविरको उद्घाटन वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले गरेका थिए । कार्यक्रममा नगर प्रमुख सिंहले आफू पनि सोही विद्यालयको २०४२ सालको एसएलसी ब्याचका विद्यार्थी भएको उल्लेख गर्दै अध्ययन गरेको विद्यालय र समाजप्रति सेवा गर्ने अवसर पाउनु गर्वको विषय भएको बताए ।
शिविरमार्फत विद्यार्थी, शिक्षक तथा स्थानीय सर्वसाधारणलाई निःशुल्क आँखा परीक्षण, विशेषज्ञ परामर्श तथा आवश्यक औषधि वितरण गरिएको आयोजकले जनाएको छ । शिक्षा र स्वास्थ्यलाई एकसाथ जोड्दै सञ्चालन गरिएको यस सामाजिक सेवामूलक कार्यक्रमले समुदायमा सकारात्मक सन्देश प्रवाह गरेको सहभागीहरूको भनाइ छ । सामुदायिक आँखा अस्पताल वीरगंजको प्राविधिक सहयोगमा गरिएको आँखा परीक्षणका क्रममा मोतियाबिन्दु देखिएका बिरामीहरूको निःशुल्क शल्यक्रिया तथा औषधि वितरण गरिने सामुदायिक आँखा अस्पताल वीरगंजका महेश सिंह धामीले जानकारी दिए ।

# कोहिनुर बचत तथा ऋण सहकारीको साधारण सभा

**मधेशदृष्टि**
**वीरगंज ।**
कोहिनुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ औँ वार्षिक साधारण सभा भएको छ ।
वीरगंजस्थित होटेल भिस्वामा संस्थाको १५औँ वार्षिक साधारण सभा भएको हो ।
प्रमुख अतिथि संस्थाकी संस्थापक अध्यक्ष मोस्तकीमा खातुनले संस्थाको साधारणसभाको उद्घाटन गर्दै संस्थाले विगत १५ वर्षमा जन्ताको मन जित्दै अगाडि बढेकामा निकट भविष्यमा पनि अझ अगाडि बढ्दै जाओस् भन्ने कामना गरिन् । उनले संस्थाले समयमै आफ्नो साधारण सभा सम्पन्न गरेकाले यो संस्थाले



जनतामा राम्रो काम गरिरहेको बताइन् । कार्यक्रमका विशिष्ट अतिथि नेशनल मेडिकल कलेज र नेपाल मेडिकल कलेज तथा कर्पोरेट डेभलपमेन्टका अध्यक्ष प्रो. डा. जेनुद्दिन् अन्सारीले संस्थाका अध्यक्ष इसरत जहान अन्सारीको प्रशंसा गर्दै कोहिनुर बचत तथा ऋण सहकारी संस्थाको सफल कार्यकालको शुभकामना दिए । उनले यो संस्थामा आबद्ध कर्मचारीहरुको कडा मिहिनेत र सञ्चालकको सही व्यवस्थापनले आज राम्रै नतिजा दिन सकेको बताए । साथै उनले आजको मितिसम्म यो संस्थामा कुनै पनि किसिमको नकारात्मक विषयहरू बाहिर नआएको हुनाले ढुक्क भएर कारोबार गर्न आमजनतालाई आग्रह गरे ।
सभामा संस्थाका कर्मचारी, लगानीकर्ता, शेयर धनी सञ्चारकर्मीलगायतको उपस्थिति थियो । साथै उत्कृष्ट सेयर सदस्य रिन्की चौधरी, भरत प्रसाद कोइरी, कृष्ण शाह कानु, रबिना खातुन, शेख गौसुल आजामलाई खादा माला लगाई मायाको चिनोसहित सम्मान गरिएको थियो । यसैगरी, प्रमुख अतिथि, विशिष्ट अतिथी, अतिथि लगायतहरुलाई मायाको चिनो प्रदान गरिएको थियो ।
कार्यक्रम संस्थाका अध्यक्ष इसरत जहान अन्सारीको अध्यक्षतामा भएको थियो भने कार्यक्रम सञ्चालन सञ्चारकर्मी उज्वल शर्माले गरेका थिए ।

# प्रहरीद्वारा गाँजा खेती नष्ट



**अवैध गाँजा खेती नष्टः** सर्लाहीको ईश्वरपुर नगरपालिका–१२ स्थित पिपल दमार आसपास चुरे क्षेत्रमा अवैधरुपमा लगाएको गाँजा खेती संयुक्त रूपमा नष्ट गर्दै नेपाल प्रहरी र सशस्त्र प्रहरी । तस्बिरः रासस

**मधेशदृष्टि**
**वीरगंज ।**
सर्लाहीको चुरेवर्ती क्षेत्रस्थित ईश्वरपुर नगरपालिका–१२, पिपलदमार क्षेत्रमा प्रहरीले साढे ३ बिघामा लगाएको गाँजा खेती नष्ट गरेको छ । जिल्ला प्रहरी कार्यालयले प्रेस विज्ञप्ति जारी गर्दै साढे तीन बिघामा लगाइएको १८ हजार ५ सय बोट गाँजा काटेर नष्ट गरेको जनाएको हो । नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले बाँकेको खोलैखोला गएर सिन्धुलीसँगको सीमा नजिक पर्ने पिपलदमारमा गाँजा नष्ट गरेको हो । अन्य बाली खासै नउब्जने चुरे भेगका स्थानीयले मनग्य आम्दानी हुने गाँजा खेती गर्दै आइरहेका छन् । स्थानीयको राम्रो आम्दानीको स्रोत भए पनि नेपालको कानुनले गाँजा खेतीलाई अवैधानिक मानेको छ ।
यस्तै, सर्लाही, बरहथवा नगरपालिका–१२ बाट अवैध लागुऔषध गाँजा करिब ३१ किलो ५ सय ९० ग्रामसहित लालबन्दी नगरपालिका–१४ का २५ वर्षीय मान बहादुर ठोकरलाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय हिरापुरबाट खटिएको प्रहरीले प्र१–०२–०५२ प ३५०६ नम्बरको मोटरसाइकलमा सवार उनलाई गाँजासहित पक्राउ गरेको हो । साथै प्रहरीले घटनामा संलग्न १ जनालाई समेत अनुसन्धानको लागि नियन्त्रणमा लिएको छ ।

# फार्मेसी एसोसिएसन नेपाल धनुषाको अध्यक्षमा निरज निर्वाचित



**जनकपुरधाम ।**
फार्मेसी एसोसिएसन अफ नेपाल धनुषाको अध्यक्षमा निरजकुमार मण्डल निर्वाचित भएका छन् । फार्मेसी एसोसिएसन अफ नेपाल धनुषाको पहिलो अधिवेशनबाट मण्डल अध्यक्षमा निर्वाचित भएका हुन् । त्यस्तै एसोसिएसनको उपाध्यक्षमा अरुणकुमार शाह निर्वाचित भएका हुन् । त्यस्तै अन्य पदाधिकारीहरुमा महासचिवमा सुदिपकुमार महतो, सचिवमा त्रिलोक कुमार साह र कोषाध्यक्ष अजितकुमार ठाकुर निर्वाचित भएका हुन् । सदस्यहरुमा संजिव महतो, राम ईश्वर, गुलाम मुस्तफा, विजय भगत, रविन्द्र कुमार महतो र रुपेशकुमार दास निर्वाचित भएका हुन् ।

# राजस्व छलीको सामान बरामद

**मधेशदृष्टि**
**सप्तरी ।**
जिल्ला प्रहरी कार्यालय सप्तरीले भन्सार छलेर ल्याउँदै गरेको सामान नियन्त्रणमा लिएर भन्सारमा बुझाएको छ ।
भारततर्फबाट भन्सार छलेर ल्याइएको दुई लाखभन्दा बढी मूल्यको कपडा तथा किराना सामान भन्सार कार्यालयमा बुझाएको हो । कपडा, किराना र दैनिक उपभोग्य सामग्री समेत गरी दुई लाख ४२ हजार सात सय ५० रुपैयाँ बराबरको सामान भन्सारमा बुझाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिए ।


## हरि खेतान बहुमुखी क्याम्पस

वीरगंज, पर्सा
(त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धनयुक्त)

**सूचना! सूचना !! सूचना !!!**

यस क्याम्पसमा प्रशासन प्रमुख पदको पूर्तिका लागि निम्न विवरण अनुसार दरखास्त आह्वान गरिएको छः

**पदः प्रशासन प्रमुख**
समूहः प्रशासन
आवश्यक संख्याः १ (एक)

**योग्यताः**
– मान्यता प्राप्त शिक्षण संस्थाबाट २ / स्नातक वा स्नातकोत्तर तह उत्तीर्ण ।
– क्याम्पस/विद्यालय प्रशासन, व्यवस्थापन वा सम्बन्धित क्षेत्रमा अनुभव भएकोलाई विशेष प्राथमिकता ।
– कम्प्युटर तथा अफिस व्यवस्थापन सम्बन्धी ज्ञान ।
– टीमवर्क, नेतृत्व क्षमता र संचार कौशल भएका ।
– उमेर हद ४० वर्ष भन्दा बढी हुनु भएनन् ।

**आवश्यक कागजातहरूः**
– दरखास्त पत्र
– शैक्षिक योग्यताको प्रमाणपत्रहरू (प्रतिलिपि)
– नागरिकता प्रमाणपत्र (प्रतिलिपि)
– अनुभव प्रमाणपत्र (यदि भए)
– २ प्रति पासपोर्ट साइज फोटो

**दरखास्त दिने मितिः** सूचना प्रकाशित भएको मितिबाट १५ दिनभित्र क्याम्पस प्रशासनमा कार्यालय समयभित्र दरखास्त दिन सकिनेछ ।

**सम्पर्कः**
क्याम्पस प्रमुख
**हरि खेतान बहुमुखी क्याम्पस**
वीरगंज, पर्सा
☎+977-51-522961 +977-51-526167
Email:- Info@hkmc.edu.np



**JOB Announcement**

Vacancy Announcement in reputed



**Bhet Ghat Sekuwa Corner**
"बस्न र खानाको सुविधा छ"
Birgunj-12, Murli Chowk, Parsa

| Post | Number | Salary |
|---|---|---|
| Cook | 01 | Rs. 25,000/- (Negotiable) |
| Assistant Cook | 01 | Rs. 18,000/- (Negotiable) |
| Waiter | 03 | Rs. 10,000/- to 14,000/- |

**Contact**
**Mob.- 9802916451, 9705916451**
Email:- bhetghatsekuwarcorner@gmail.com


# उज्यालो नेपाल पार्टी पर्सामा रामबाबु

**मधेशदृष्टि**
**वीरगंज ।**
उज्यालो नेपाल पार्टीले पर्साका सक्रिय समाजसेवी रामबाबु यादवलाई जिल्ला संयोजकमा चयन गरेको छ । पार्टीका केन्द्रीय अध्यक्ष अनुप उपाध्याय, पार्टी संरक्षक तथा उज्यालो नेपालका नायक एवम् नेपाल सरकारका ऊर्जा, जलस्रोत, सिँचाइ तथा भौतिक पूर्वाधार मन्त्री कुलमान घिसिङको उपस्थितिमा सम्पन्न कार्यक्रमले उनलाई संयोजकमा चयन गरेको हो ।
कार्यक्रममा मधेश प्रदेशका चार केन्द्रीय सदस्यहरूको समेत सहभागिता थियो । भ्रष्टाचारमुक्त समाज निर्माण, युवालाई नेतृत्वमा जोड्ने अभियान र निरन्तर जनसेवामा सक्रिय भूमिकाका कारण यादवलाई जिल्ला संयोजकको जिम्मेवारी दिइएको पार्टीले जनाएको छ ।

## सम्पादकीय

# एमालेको महाधिवेशन र ओलीमा देखिएको नरमपन

भक्तपुरको सल्लाघारीमा शनिबार मध्यान्हबाट शुरु भएको नेकपा एमालेको नवौँ महाधिवेशनमा पार्टी अध्यक्ष केपी शर्मा ओलीको सम्बोधन अत्यन्त शालीन र नरम बनेको विषय सबैका लागि चासो भएको छ । सधैँ आक्रामक र प्रत्यक्ष राजनीतिक भाषाशैलीका लागि परिचित ओली शनिबार फरक, सन्तुलित र प्रतीकात्मक अभिव्यक्तिमा प्रस्तुत भएपछि धेरैको चासोको विषय बनेको हो । सम्बोधनमा ओलीले अधिकांश समय लिखित भाषणमै केन्द्रित रहेर पार्टी पङ्क्तिलाई एकताको सूत्रमा बाँध्न प्रयास गरेर पार्टीभित्रको असन्तुष्टि मेट्न मेहनत गरे। भदौ २३ र २४ पछि आफूलाई लागेको आरोपको कूटनीतिक तरिकाले जवाफ दिएर युवा पुस्ताको मन जित्न पनि उनको कुटिलता प्रयोग भइरहेको थियो। ओलीको सन्देशमा एमालेभित्रको आन्तरिक एकता नै अहिलेको पहिलो शर्त देखिन्थ्यो भने युवा पुस्ताको चाहना र आवश्यकतालाई स्वभाविक मानिए पनि त्यसलाई हाई ज्याक गरेर गरिएको विध्वंस र त्यसपछि बनेको सरकारविरुद्ध कडा प्रतिवाद एमालेको बटमलाइन नै थियो भनेजस्तै हुन्छ।

अध्यक्ष ओलीले एक–एक मिलेर एघार बनौँ र यही नै एकताको दर्शन बनाऔँ भनेका थिए। एउटै लाइनमा, एउटै दिशातिर फर्किएका, एउटै लक्ष्य बोकेर उभिएका एक हुन सबैलाई उनले आग्रह गरे। एमालेले अर्को एमालेसँग हात मिलायो, मन जोड्यो भने हामी साधारण एक–एक रहँदैनौँ, हामी एघार बन्छौँ। तर रिस, घात–प्रतिघातमा गयौँ भने हामी एक–एकमै सीमित हुन्छौँ भन्ने ओली सम्बोधनको आसय थियो। हरेक एमालेले अर्को एमालेलाई जोड्ने शर्त नै ११ औँ महाधिवेशनको मूल सन्देश भएको उनले मुखरित गरेका थिए। युवा पुस्ताको सम्मानमा धेरै समय खर्च गर्न पनि ओलीले प्रयास गरे। असहमति जायज, तर विकल्प राजनीतिक दल नै भएको तर्क उनको थियो। राजनीतिक उद्देश्य सत्ता परिवर्तन मात्रै नभई सुरक्षा, सुशासन र समृद्धि भएको युवा पुस्तालाई बुझाउनु पर्ने उनले बताए। राजनीति सत्ता बदल्ने खेल होइन, नागरिकको ज्यानको सुरक्षा र राष्ट्रिय स्वाधीनताको विषय हो भन्दे उनले हालै भएको सरकार र जेन्जी सम्झौता नाटक भएको बताए। ओलीले अहिलेको सरकारप्रति कडा आलोचना गर्दै सम्झौता देशविरुद्धको षड्यन्त्र भएको बताए। उनले पार्टीको सर्वोच्चमा परेको रिटबारे बताउँदै तत्कालको निकास विघटित प्रतिनिधि सभाको पुनःस्थापना भएको बताए। उनले चुनावबाट एमाले नभाग्ने सन्देश दिए। डर, दबाब र प्रतिशोधमुक्त वातावरणमा चुनाव भए एमालेले बहुमत ल्याउने ल्याकत राख्छ भन्ने सन्देश उनले दिए। एमाले चुनावबाटै परीक्षण भएको पार्टी भएको उनको दाबी थियो।

# कसका लागि उठे यी आरोप ?



डा. टीका ढकाल

राजनीतिमा नेतृत्वको मूल्यांकन आवश्यक र सकारात्मक प्रक्रिया हो, तर मूल्यांकनका नाममा तथ्यभन्दा भावनालाई ठूलो बनाइने अभ्यासले खतरनाक मोडतर्फ लैजान सक्छ।

पछिल्ला दिनमा पार्टी अध्यक्ष कमरेड केपी ओलीमाथि 'महिला विरोधी', 'महिलालाई अपमान ग¥यो' जस्ता आरोपहरू सार्वजनिक रूपमा राखियो। यस्तो अभिव्यक्ति कुनै नेतृत्वको व्यक्तिगत मतको सीमाभन्दा बाहिर गई पार्टीभित्र नै भ्रम र विभाजनको वातावरण सिर्जना गर्ने खोजिएको छ, यो एकदमै गलत भएको छ। त्यसैले यो प्रसङ्गलाई इतिहास, संस्थागत निर्णय र ठोस उपलब्धिहरूको आधारमा पुनः परीक्षण गर्नु आवश्यक छ।

नेकपा (एमाले) भित्र महिलाको संस्थागत अधिकार विस्तारको मूलमा को नेतृत्व सक्रिय थियो भन्ने प्रश्न अत्यन्त महत्त्वपूर्ण छ। सातौँ महाधिवेशनदेखि अघि–पछिको कालखण्डमा महिलाले ३३ प्रतिशत सहभागिताका लागि कठोर सङ्घर्ष गरे, तर सोही सङ्घर्षलाई संस्थागत रूप दिएर अन्ततः कार्यान्वयन गराउने नेतृत्व कमरेड केपी ओली नै थिए।

संविधानमा लैङ्गिक समानतामा जोड, राज्यका निकायहरूमा महिलाका पहुँचका ढोका खुला गर्ने नीति, महिला उपाध्यक्ष, महिला मुख्यमन्त्री, महिला मन्त्री, महिला सांसददेखि लिएर महिला राष्ट्रपतिको सम्भव यात्रा ,यी सबै राजनीतिक इतिहासका निर्णायक उपलब्धिहरू आकस्मिक परिणाम होइनन्, यो स्पष्ट इच्छाशक्ति, लोकतान्त्रिक प्रतिबद्धता र परिवर्तनको आत्मविश्वास बोकेको नेतृत्वको निष्कर्ष थियो।

पूर्वराष्ट्रपति विद्या भण्डारी र जेन्जी प्रधानमन्त्री सुशीला कार्की भेटवार्ता अनि केपी ओलीलाई पक्राउ गर्ने साजिसको हल्ला बाहिरिनु ले के संकेत गर्छ ? फेरि एक पटक महिलालाई राजनीतिक खेलको उपकरण बनाउने प्रयास त होइन यो ? यदि उच्च पदमा पुगेका महिला नै यस्तो "प्रयोग" हुने हो भने, आम महिला कार्यकर्ताले के सिक्ने ?

महिला प्रधानन्यायाधीश, महिला मुख्यसचिव, महिला न्यायाधीश र उच्च प्रशासनिक संरचनामा पुगेका धेरै सक्षम महिला व्यक्तित्व पनि यही नेतृत्वको निर्णयात्मक वातावरणमा सम्भव बने। यसका बाबजुद, आज महिला नेतृहरूमध्ये कतिपयले बारम्बार अवसर पाएर नेतृत्वमा बसेकाले नै इतिहासलाई बिर्सेर सार्वजनिक रूपमा तुच्छ आरोप लगाउनु दुःखद छ। जसले महिलालाई राष्ट्रपति बनायो , प्रधानन्यायाधीशको सिफारिस ग¥यो र उनीमाथिको महाभियोगविरुद्ध ठिङ्ग उभियो। सभामुख,मुख्यसचिव र मुख्यमन्त्री समेत बनायो उसलाई नै महिला विरोधी देख्ने ? यो न देशले महिलालाई उच्च सम्मान दिएको इतिहासको हितमा छ न महिला आन्दोलनको हितमा छ, न पार्टी संगठनको संस्कारमा।

न्तरिक लोकतन्त्र आफ्नो विचारलाई पार्टी भित्रै प्रस्तुत गर्ने प्रक्रियाबाट बलियो हुन्छ, बाहिरबाट आरोपको बान्की फुर्काएर होइन। पार्टीभित्र असन्तुष्टि वा मतभेद स्वाभाविक हो। तर विधान, समितिहरू, महाधिवेशनजस्ता संरचनालाई प्रयोग नगरी सार्वजनिक आरोप–प्रत्यारोपको शैली अवलम्बन गर्नु राजनीतिक संस्कारको गिरावट हो। जे अवसर, पुनः अवसर र जिम्मेवारीहरू वर्षौंसम्म नेतृत्वबाट प्राप्त गरे, त्यही नेतृत्वविरुद्ध आज आएर 'महिला विरोधी'को लेबल टाँस्नु कृतघ्न राजनीतिक व्यवहार भन्दा केही होइन। आम महिला कार्यकर्ताले यस्तो असंगत राजनीति र अराजक अभिव्यक्तिबाट के सिक्ने ?

अवसर पाएपछि संगठनभित्र निर्णय प्रक्रियामा सहभागी भएर नीतिगत बहस गर्ने संस्कार होइन, व्यक्तिगत असन्तुष्टि सार्वजनिक रूपमा पोख्ने प्रवृत्ति नै राजनीतिक अभ्यास हो भनेर सिकाउने हो ? के यस्तो अभिव्यक्ति स्वतन्त्र विवेकको परिणाम हो ?

पूर्वराष्ट्रपति विद्या भण्डारी र जेन्जी प्रधानमन्त्री सुशीला कार्की भेटवार्ता अनि केपी ओलीलाई पक्राउ गर्ने साजिसको हल्ला बाहिरिनु ले के संकेत गर्छ ? फेरि एक पटक महिलालाई राजनीतिक खेलको उपकरण बनाउने प्रयास त होइन यो ? यदि उच्च पदमा पुगेका महिला नै यस्तो "प्रयोग" हुने हो भने, आम महिला कार्यकर्ताले के सिक्ने ? के उत्प्रेरणा पाउने ?यही प्रश्न झनै गम्भीर छ।

आज महिला नेतृहरूमध्ये कतिपयले बारम्बार अवसर पाएर नेतृत्वमा बसेकाले नै इतिहासलाई बिर्सेर सार्वजनिक रूपमा तुच्छ आरोप लगाउनु दुःखद छ। आज देश गम्भीर राजनीतिक मोडमा छ। बाह्य हस्तक्षेप, अस्थिरता, अराजक क्रियाकलाप, राज्यका संयन्त्रमा अव्यवस्था र संगठनविरुद्ध चलाइएका प्रत्यक्ष–अप्रत्यक्ष अभियान तीव्र छन्। यस्तो परिस्थितिमा पार्टी अध्यक्ष केपी ओलीलाई हटाउनुपर्छ भन्ने प्रकारको आवाज हुनु केवल संगठनभित्रको असन्तुष्टिको चिनारी मात्र होइन, देश विरोधी शक्ति र प्रतिक्रियावादी तत्त्वको अपेक्षासँग मेल खाने कदमसमेत बन्न सक्छ। संकटको घडीमा दृढता, राष्ट्रियता, संगठन क्षमताको समन्वय र चुनौतीसँग जुध्ने सामथ्र्य भएको नेतृत्व आवश्यक पर्छ, र यी गुणहरू अहिले पनि सबैभन्दा स्पष्ट रूपमा ओलीकै व्यक्तित्वमा देखिन्छन्।

यसैले ११औँ महाधिवेशन कुनै विभाजनको मञ्च होइन, एकताको ऐतिहासिक अवसर हो। अहिले आवश्यक परेको कुरा उपलब्धिलाई नबिर्सने, विवादलाई संस्थागत ढंगले सम्बोधन गर्ने, व्यक्तिगत मनोदशाको होइन राष्ट्रिय आवश्यकता र संगठनात्मक जिम्मेवारीको आधारमा नेतृत्वको मूल्यांकन गर्ने हो। राजनीतिक संस्कार भनेको मतभेदलाई तुच्छ टिप्पणी र भावनात्मक आरोपमा झारेर होइन, तथ्य र प्रक्रियाका माध्यमबाट प्रस्तुत गरेर उच्च बनाइन्छ।

महिला अधिकारलाई सुदृढ बनाउने इतिहासका निर्णायक पृष्ठहरू लेख्ने नेतृत्वमाथि आज उठाइएका आरोपहरू न त सत्यमा आधारित छन्, न त राजनीतिक विवेकमा। यस्तो अवस्थामा पार्टीभित्र र बाहिर दुवै स्तरमा सत्य, इतिहास र आवश्यकताको पक्षमा उभिनु,यही आजको सबैभन्दा महत्त्वपूर्ण राजनीतिक कर्तव्य हो।

# चीन बुझाउने कृति 'चिनियाँ दृष्टिकोण'

कृष्ण अधिकारी

विश्व प्रणालीमा केही वर्षदेखि चीन एक उदीयमान शक्ति राष्ट्रको रूपमा मात्र नभएर आगामी शताब्दीलाई पनि आफ्नो अनुकूल हिँडाउन सक्षम रहने यसले लिएका आर्थिक विकासका रणनीतिहरूले सहजै अनुमान लगाउन सकिन्छ।

एक्काइसौँ शताब्दीको जटिल र परस्पर सम्बद्ध विश्वमा चीनले आफ्नो अनौठो ऐतिहासिक, सांस्कृतिक र राजनीतिक अनुभवका आधारमा विकास, सुशासन र अन्तरराष्ट्रिय सम्बन्धका लागि एक व्यवस्थित दृष्टिकोण विकास गरेको छ। यो दृष्टिकोण केवल आर्थिक सूचाङ्कमा मात्र केन्द्रित नभएर मानव समुदायको भविष्यका लागि साझा भाग्यको एक सामूहिक खोजीमा आधारित छ।

भूगोलले मात्र नभई सदिऔँदेखिको सम्बन्धले नेपाल चीनको असल मित्रराष्ट्र हो तर चीनबाट नेपालले जे जति सहयोग लिन सक्नुपर्ने हो त्यसमा भने सन्तुष्ट हुन सक्ने ठाउँ रहेको छैन। चीनले लिएका पछिल्ला नीतिहरूका बारेमा नेपालले गहन रूपमा आत्मसात गर्न नसकेको मात्र होइन, त्यसको त्यसको अन्त्यलाई बुझ्नुभन्दा अपव्याख्या गर्ने प्रवृत्तिले गर्दा पनि अनावश्यक विवाद सिर्जना भई सहयोगका ढोकाहरू राम्ररी खुल्न सकेका छैनन्। आम सर्वसाधारणमा मात्र होइन, राजनीतिक नेतृत्वहरूमा नै चीनप्रतिको बुझाइ निकै कम रहेको अवस्थामा चीनले लिएका पछिल्ला रणनीतिहरूका बारेमा स्पष्ट गराउने गरी लामो समय चीनमा रहेर पत्रकारिता गर्दै आउनुभएका पत्रकार चेतनाथ आचार्यद्वारा लिखित चिनियाँ दृष्टिकोण नामक पुस्तक नेपालका राजनीतिकर्मी, विद्यार्थी, प्राध्यापक, पत्रकार, कूटनीतिकर्मी, खोज अनुसन्धानकर्तालगायत चीनका बारेमा चासो राख्ने सर्वसाधारण सबैका लागि लाभदायक नै हुनेछ। आचार्यले यस अगाडि पनि चीनका बारेमा थुप्रै पुस्तक लेखिसक्नुभएको छ।

पुस्तकमा चिनियाँ दृष्टिकोणका आधारभूत मान्यताहरू जस्तै जिडीआई, जिएसआई, जिसीआई, बिआरआई, जिजीआई र चीनमा कार्यमूलक लोकतन्त्रको महत्त्वका बारेमा जानकारी दिइएको छ। यी नीतिहरूका बारेमा विस्तृत रूपमा अध्ययन पुस्तकबाट सम्भव नहुने भए पनि सारभूत कुराहरू थाहा पाउन भने सकिन्छ। चीनले विश्वव्यापी समृद्धिका लागि ल्याएको जिडीआई, जीएसआई, जिसीआइजस्ता मान्यताहरूलाई नै चिनियाँ दृष्टिकोण भनिन्छ। यिनै विषयवस्तुहरूलाई लेखकले पुस्तकमा विवेचना गर्न खोज्नुभएको छ।




पुस्तकमा समाविष्ट अधिकांश सामग्री अङ्ग्रेजी भाषाबाट अनुवाद र सम्पादन गरिएको कुरालाई लेखकले स्वीकार्नु मात्र भएको छैन, सन्दर्भ सामग्रीका रूपमा मूलस्रोतका लिङ्कहरू राखिदिएकाले त्यसमा थप अध्ययन गर्न चाहनेहरूका लागि ढोका पनि खोलिदिनुभएको छ। पछिल्लो समय चीनले नेपालबाट विभिन्न क्षेत्रका व्यक्तिहरूलाई आमन्त्रण गरेर यी र यस्तै विषयमा प्रशिक्षणहरू सञ्चालन गर्दै आए पनि ती पर्याप्त हुन सक्दैनन्। यस पुस्तकले त्यो अप्रयाप्ततालाई पूरा गर्न सहयोग गर्ने नै छ।

जिडीआई चिनियाँ विदेश नीति र विश्वशासन दर्शनको मूलभूत सिद्धान्त हो। जिडीआईले आर्थिक असमानता, जलवायु परिवर्तन र महामारीजस्ता विश्वव्यापी चुनौतीहरूको सामनाका लागि एकजुट हुन आवश्यक रहेको कुरामा जोड दिने गरेको छ। जिडीआईले विकासलाई प्राथमिकता दिन्छ, विशेष गरी संयुक्त राष्ट्र सङ्घको सतक विकास लक्ष्य २०३० लाई पूरा गर्ने सङ्कल्पलाई बलियो बनाउँदछ। गरिबी निवारण, खाद्य सुरक्षा र स्वच्छ ऊर्जाजस्ता क्षेत्रहरूमा सहकार्यलाई बढावा दिँदै यस पहलले विकासशील राष्ट्रहरूलाई 'सही क्षमता निर्माण'मार्फत आत्मनिर्भर बन्न र विश्व अर्थतन्त्रमा सहभागी हुन सहयोग गर्ने उद्देश्यले विश्वव्यापी विकास असमानतालाई घटाउने प्रयत्न गर्छ।

एक्काइसौँ शताब्दीमा परम्परागत र गैरपरम्परागत चुनौतीहरू थपिँदै गएको सन्दर्भमा चीनले विश्वव्यापी सुरक्षा अभियान 'जिएसआई' ल्याएर समस्याहरूको सामूहिक निराकरणमा अग्रसरता देखाएको छ। एक अकार्काको सांस्कृतिक सभ्यताको सम्मान गर्दै सद्भावपूर्ण वातावरण सिर्जना गर्नका लागि चीनले अगाडि सारेको विश्वव्यापी सभ्यता अभियान 'जिसीआई' अहिले लोकप्रिय बनेको छ। विश्वव्यापी सभ्यता पहलअर्थात् जीसीआई भनेर चिनिने एक नयाँ अन्तर्राष्ट्रिय पहल चीनले सार्वजनिक गरेको छ। यसको मुख्य उद्देश्य अन्तरराष्ट्रिय सहयोगलाई बढावा दिएर विश्वव्यापी चुनौतीहरू समाधान गर्नु हो। यसले सार्वभौमिक समानता, अन्तरराष्ट्रिय कानुन, बहुपक्षवाद, मानव केन्द्रित दृष्टिकोण र ठोस कार्यहरूमा केन्द्रित नीति बोकेको छ। चीनले संयुक्त राष्ट्रसङ्घको केन्द्रीय भूमिकालाई कायम राख्न र विकासशील राष्ट्रहरूको आवाजलाई बलियो बनाउन यो पहल ल्याएको हो। यो पहल भविष्यको विश्व व्यवस्थाका बारेमा चीनको दृष्टिकोणको एक भाग हो।

जिडीआई, जिएसआई र जिसीआईका सिद्धान्तहरूलाई कार्यान्वयन गर्ने एक व्यावहारिक र ठोस मञ्च हो बीआरआई। यो एसिया, युरोप, अफ्रिका र अन्य क्षेत्रहरूबीच आधारभूत संरचना, व्यापार र वित्तीय एकीकरणलाई बढावा दिने एक महत्त्वाकांक्षी परियोजना हो। यसले सडक, रेलवे, बन्दरगाह र ऊर्जा परियोजनाहरूमार्फत यातायात लागत घटाएर व्यापार र लगानीलाई सुविधाजनक बनाउँछ। अहिले पनि धेरै विकासशील राष्ट्रहरूले आधारभूत संरचनाको अभाव भोगिरहेका छन्। बीआरआईले ती देशहरूलाई आर्थिक विकासका लागि आवश्यक भौतिक आधार निर्माण गर्न सहयोग गर्दछ। बीआरआईले एक पक्षीय लाभको सट्टा पारस्परिक रूपले फाइदाजनक सहकार्यमा जोड दिन्छ। यसले सहभागी राष्ट्रहरूको अर्थतन्त्रलाई गति दिन्छ भने चीनलाई नयाँ बजारहरू र साझेदारहरू प्राप्त हुन्छन्। शान्ति, सहकार्य, सद्भाव र पारस्परिक लाभमा आधारित विश्वको पुनः कल्पना गरेका छन्।

मकालु प्रकाशन गृहले प्रकाशनमा ल्याएको यो पुस्तकमा २७ वटा लेखहरू समावेश गरिएका छन्। चीनले विश्वलाई बाँडिरहेको विकास, शान्ति, सुरक्षा, सभ्यताजस्ता दृष्टिकोणलाई समेटेर लेखिएको यो पुस्तक 'चिनियाँ दृष्टिकोण' प्रकाशन गर्न पाउँदा गौरवान्वित भएको बताउँदै प्रकाशन गृहका प्रमुख वासुदेव ढकालले प्रकाशकीयमा लेख्नुभएको छ–चीनले आफू मात्र विकसित नभई छिमेकी मुलुकहरूलाई पनि विकासका भँगालाहरूमा समेट्दै अगाडि बढ्दा चीनले प्राप्त गरेको समृद्धि अरू मुलुकलाई पनि बाँड्दै आएको छ।

चीनका यी दृष्टिकोण चीनका लागि मात्र नभएर बाह्य जगतका लागि लाभदायक छन्। विश्वलाई विकासका उल्लिखित नमूना वितरण गर्ने हैसियत बनाएको चीनले आन्तिरिक रूपमा चाहिँ अनुपम प्रजातन्त्र अँगालेको छ। समग्रमा पुस्तक जीडीआई, जिएसआई, जिसीआई, बिआरआई र कार्यमूलक लोकतन्त्र विश्व शासन र विकासका लागि दूरदर्शी र रोडम्याप बुझ्नका लागि उपयोगी छ।

# एक महिनाभित्र काम सुरु नगरे घुमाउने पुलको ठेक्का तोडिनेछः मन्त्री घिसिङ

**तनहुँ।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले एक महिनाभित्र काम सुरु नगरे घुमाउने पुलको ठेक्का तोड्ने चेतावनी दिएका छन।
तनहुँको आँबुखैरेनी गाउँपालिका–५ र चितवनको भरतपुर महानगरपालिका–२९ जोड्ने अलपत्र घुमाउने पुलको शनिवार निरीक्षण गर्नुहुँदै मन्त्री घिसिङले एक महिनाभित्र काम सुरु गर्न निर्माण व्यवसायीलाई निर्देशन दिएका छन।
मन्त्री घिसिङले लामो समयदेखि अलपत्र पुलको बारेमा राष्ट्रियस्तरमा चर्चा रहेको बताउँदै काम नगर्ने भए ठेक्का तोड्नुभन्दा अर्को विकल्प नरहेको उल्लेख गरे । उनले भने, 'घुमाउने पुल जसरी पनि निर्माण गर्नुपर्नेछ । यहाँ राष्ट्रपतिको पनि चासो छ । काम गर्नुस्, नगर्ने भए भन्नुस्।'
मन्त्री घिसिङले घुमाउने पुलको डिजाइन परिवर्तन गरी सडक विभागमा आएकोबारे तत्कालै डिजाइन स्वीकृत गर्न सडक विभागलाई निर्देशन दिएका हुन । उनले भने, 'पुरानै डिजाइनमा पनि नौ वर्षसम्म किन काम नगर्नुभएको ? विकास निर्माणमा ढिलासुस्ती सैह्य हुँदैन।'



आँबुखैरेनी गाउँपालिका–५ र भरतपुर महानगरपालिका–२९ घुमाउने जोड्ने त्रिशूली नदीमाथिको घुमाउनेमा सम्झौताअनुसार काम भएको भए यतिबेला पक्की पुल बनिसक्थ्यो।
एघार वर्ष अगाडि घुमाउनेमा पुल निर्माण थालिए पनि अहिलेसम्म दुईतिरको भागमा पिल्लर मात्रै ठडिएको छ। मृत सञ्जीवनी निर्माण कम्पनी हेटौँडासँग पहिलोपटक विसं २०७० असारमा उक्त पुल निर्माणका लागि सम्झौता भएको थियो । बारम्बारको म्याद थप र डिजाइन परिवर्तन पछि अन्तिम पटक विसं २०७५ माघमा निर्माणका लागि पुनः सम्झौता गरेकामा विसं २०७८ चैतमा पुल निर्माण सकिनुपर्नेमा अहिलेसम्म जम्मा करिब ५० प्रतिशत मात्र काम भएको सडक डिभिजन कार्यालयले जनाएको छ।
उक्त पुल १०५ मिटर लम्बाइ र फुटपाथसहित ११ मिटर चौडाइ रहने छ। सम्झौता बेला पुलको लागत रु नौ करोड ५६ लाख थियो । गण्डकी प्रदेशलाई चितवनको नारायणगढसम्म जोड्ने सबैभन्दा छोटो दूरीको बुद्धसिंहमार्गको घुमाउनेको उक्त मोटरेबल पुलको निर्माण सम्पन्नपश्चात् पोखरा र दमौलीलाई नारायणगढ आउन जान हाल सञ्चालन भइरहेको मुग्लिङ–नारायणगढ सडकभन्दा २३ किलोमिटरको दूरी छोटो पर्छ । घुमाउनेमा मोटरेबल पुल नहुँदा यातायातका साधन तनहुँकै सिमानामा पुगेर फर्कन बाध्य छन्।रासस

# कांग्रेस तनहुँबाट ३९ उम्मेदवार सिफारिस

**तनहुँ ।**
नेपाली कांग्रेस तनहुँले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि दुवै क्षेत्रबाट उम्मेदवार सिफारिस गरेको छ । पार्टीको शुक्रबार सम्पन्न जिल्ला कार्यसमितिको बैठकले क्षेत्र नम्बर १ र २ बाट प्रत्यक्षतर्फ प्रतिनिधिसभा सदस्य उम्मेदवार, समानुपातिक उम्मेदवार र राष्ट्रियसभा सदस्य उम्मेदवार सिफारिस गरेको हो ।
क्षेत्र नम्बर १ बाट प्रत्यक्षतर्फ केन्द्रीय सदस्य गोविन्द भट्टराईसहित १० जना सिफारिस गरिएको पार्टीका सचिव लक्ष्मीभक्त खनालले जानकारी दिए । यस्तै क्षेत्र नम्बर २ बाट केन्द्रीय सदस्य शङ्कर भण्डारीसहित सात जनाको नाम सिफारिस गरिएको छ ।
खनालका अनुसार राष्ट्रियसभाका लागि केन्द्रीय सदस्य धुरव वाग्लेसहित सात जनाको नाम सिफारिस गरिएको छ ।
क्षेत्र नम्बर १ प्रतिनिधिसभा सदस्य प्रत्यक्षतर्फ गोविन्द भट्टराई, रामचन्द्र पोखे्रल, सरिता गुरुङ, दीपक भट्टराई, डा जगदीशचन्द्र पोखरेल, रमेशबाबु भट्टराई, पुरुषोत्तम खनाल, उद्धव पौडेल र श्याम कुमारी मौराती सिफारिस भएका छन ।
यस्तै समानुपातिकतर्फ दलिततर्फ डोबाटे विक र यमुना विक, महिलातर्फ चिनु पोखरेल, पवित्रा पौडेल, मीरा जोशी, चिजा श्रेष्ठ, एलिजा ढकाल, अपाङ्ग अल्पसङ्ख्यकतर्फ प्रकाश पन्थ, जब्बरदिन मिया मुन्ना, साहिदा खातुन र अन्यतर्फ समुन्द्र गोदार तथा हरिदत्त पौडेल सिफारिस भएका छन ।
क्षेत्र नम्बर २ प्रतिनिधिसभा सदस्य प्रत्यक्षतर्फ शङ्कर भण्डारी, प्रदीप पौडेल, पुष्पराज पराजुली, चुडामणि खनाल, चामबहादुर थापा, डा यदुनाथ खनाल र नवीन खनालको नाम सिफारिस गरिएको छ । समानुपातिकतर्फ मायादेवी राना, इन्दिरा खनाल र सन्तोष घिमिरेको नाम सिफारिस गरिएको छ ।
राष्ट्रियसभाका लागि कुलचन्द्र वाग्ले, धुरव वाग्ले, रघुनाथ पौडेल, लक्ष्मी आचार्य, डा कृष्णप्रसाद गौतम, अर्जुन अधिकारी र विद्या खनालको नाम सिफारिस गरिएको छ ।
क्षेत्र नम्बर १ र २ को संसदीय समितिको सिफारिस अनुसारको नामावली नेपाली कांग्रेस तनहुँमार्फत गण्डकी प्रदेश कार्यसमिति हुँदै केन्द्रीय कार्यसमितिमा सिफारिस गरिएको खनालले बताए । रासस

# कांग्रेसले गर्यो सुनसरी–१ बाट उम्मेदवारको नाम सिफारिस

**सुनसरी।**
नेपाली कांग्रेस सुनसरी क्षेत्र नं. १बाट आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि आठ जनाको नाम सिफारिस भएको छ । पार्टीका कोशी प्रदेश महामन्त्री उमेश थापा, महाधिवेशन प्रतिनिधि चन्द्रशेखर लामा र सन्दीप श्रेष्ठ, क्षेत्रीय सल्लाहकार निर्मला गुरुङ, जिल्ला सचिव माधवबहादुर घिसिङ, केन्द्रीय सदस्य मीनबहादुर विश्वकर्मा, नेपाल महिला सङ्घ जिल्ला सदस्य रुक्मिणी गौतम र महासमिति सदस्य विनोदकुमार राईको नाम सिफारिस गरिएको क्षेत्रीय सभापति सुजेन्द्र तामाङले जानकारी दिए ।समानुपातिकतर्फ अनुपमा सुनुवार, आनन्द आचार्य, उर्मिला प्रधान, कृष्णकला मादेन, गोविन्द सुब्बा, गोविन्द बस्नेत, विश्वराज भण्डारी, मीना सुब्बा, मीना पुलामी, रामबहादुर परियार, श्यामा रेग्मी, सुवास राई र सचित शर्माको नाम सिफारिस गरिएको छ।
यसैगरी, ष्ट्रियसभानिर्वाचनका लागि उमा वास्तोला, काशीराम चौधरी, गिरिराज आचार्य, गोविन्द दर्नाल, चन्द्रप्रसाद श्रेष्ठ, जगतबहादुर कार्की, प्रेमप्रसाद पौडेल, भीष्म काफ्ले, लक्ष्मी खतिवडा, हर्ष सुब्बा, हरिनाथ वास्तोला र हेमलाल सुब्बाको नाम सिफारिस गरिएको सभापति तामाङले बताए । रासस

# एमाले महाधिवेशनमा झाँकी प्रदर्शन

**काठमाडौँ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) को ११औँ राष्ट्रिय महाधिवेशनमा झाँकी प्रदर्शन गरिएको छ।
विभिन्न ठाउँबाट निस्केको बाजागाजासहित उदघाटनस्थल पुगेका छन्।
नेवार, मगर, शेर्पालगायत विभिन्न जातजातिको झाँकीसहित मञ्चमा पुगेको थियो । भक्तपुरस्थित सल्लाघारीमा उद्घाटन हुनुभन्दा अगाडि पुगेको थियो। पञ्चैबाजा नौसिङ्गे बाजागाजासहित विभिन्न वेशभूषासहित भक्तपुरका विभिन्न ठाउँ निस्केका थिए । भक्तपुरको सल्लाघारीमा आयोजित महाधिवेशनको उदघाटन पार्टी अध्यक्ष केपी शर्मा ओलीले गर्नुभएको छ । महाधिवेशन यही मङ्सिर २९ गतेसम्म सञ्चालन हुनेछ। रासस

# युवाको भावनाअनुरुप काम गर्नुपर्ने




**बागलुङ।**
नेपाली कम्युनिष्ट पार्टीका नेत्री पम्फा भुसालले चुनावका माध्यमबाट सरकारमा नयाँ राजनीतिक नेतृत्व आउने र त्यसले देशलाई विकास–निर्माणको बाटोमा अग्रसर गराउने बताएकी छन।
प्रेस सेन्टर नेपालले शनिवार आयोजना गरेको पत्रकार सम्मेलनमा उनले संविधानको रक्षा गर्नु हरेक नागरिक दायित्व भएको बताएकी छन।
जनताको चाहना र आवश्यकअनुसार राज्य सञ्चालन नगर्दा जेन्जी आन्दोलन भएको बताउदै उनले युवापुस्ताको भावनाअनुरुप राजनीतिक नेतृत्व क्रियाशील हुनुपर्ने विचार व्यक्त गरिन।
नेपाली कम्युनिष्ट पार्टी चुनावमा भाग लिन तयार छ भन्दै त्यसका लागि जिल्ला–जिल्लामा चुनावी प्रचारप्रसारमा जुटेको पूर्वमन्त्री भुसालले बताईन । रासस

# विगतका गल्तीबाट शिक्षा लिँदै एकीकृत पार्टी बनाउन लागेका छौँः संयोजक प्रचण्ड



**सुर्खेत।**
नेपाल कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले विगतका गल्तीबाट शिक्षा लिँदै आफूहरू एकीकृत पार्टी बनाउन अगाडि बढेको बताएका छन।
शनिवार यहाँको वीरेन्द्रनगरमा भएको एकता सभालाई सम्बोधन गर्दै उनले अब नेता तथा कार्यकर्ताको उत्साहजनक सहभागितासहित एक नम्बर पार्टी बनाउन लाग्नुपर्ने र आज कर्णालीले देखाएको मायाले आफू उत्साहित भएको बताए।
संयोजक दाहालले १४ भन्दा बढी पार्टी मिलेर विगतका कमजोरी सच्याउँदै अगाडि बढ्ने सङ्कल्प गरेको उल्लेख गर्दै देशका विभिन्न स्थानमा भएका एकतासभामा देखिएको सहभागिताले अभियानलाई नयाँ उचाइमा पु¥याउने विश्वास जागेको धारणा राखे।
उनले विसं २०४१÷४२ देखि नै पार्टी माधव नेपाल र आफूबीचमा एकताका लागि छलफल सुरु भएको स्मरण गर्दै सशस्त्र द्वन्द्वका सामयमा पनि निरन्तर छलफल भएको धारणा राखे।
संयोजक दाहालले भने,'हामी सुरुदेखि नै एकताका पक्षमा थियौँ, सशस्त्र युद्ध सुरु भएको दुई वर्षदेखि नेपाल र आफूहरूले देशको विकास र नेपाललाई कसरी उचाइमा पुर्‍याउन सकिन्छ भनेर छलफलमा जुटका थियौँ। एमाले र माओवादी सहमति भएपछि मात्र देशमा १२ बुँदे सहमति भएको थियो । ४० वर्षदेखि एकताका काम भइरहेका थिए।'
उनले कर्णाली नेपाली सभ्याताको जननी, जडीबुटी, जलस्रोतको भण्डार रहेको भन्दै यहाँको विकासलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे । अब विदेशिएका युवालाई स्वदेश फर्कने वातावरण तयार गर्न आफूहरू क्रियाशील भएको दाहालको भनाइ थियो । पार्टीका सहसंयोजक माधवकुमार नेपालले अलगअलग पार्टीलाई एकै ठाउँमा ल्याएर राजनीतिमा महत्वपूर्ण काम गरिएको र यसले सबैमा उत्साह थपिएको बताए।
उनले जनता र देशको हितका पक्षमा काम गर्ने पार्टीको रूपमा नेकपालाई स्थापित गरिने उनको भनाइ छ।
सहसंयोजक नेपालले भने,'देशका हरेक महत्वपूर्ण समयमा हामी सही ठाउँमा उभिँदै आएका छौँ । जनतालाई देशको मालिक बनाउनका लागि लोकतन्त, गणतन्त्र चाहिएको छ।
यसर्थ देशको स्वतन्त्रतता, स्वाधीनता, देशभक्त पार्टीको रुपमा नेकपालाई स्थापित गर्नेगरी हामी लागिरहेका छौँ।'रासस

# युवापुस्तालाई राज्यको मूल प्रवाहमा जोड्नुपर्ने



**काठमाडौँ।**
नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले पार्टीभित्र वरिष्ठ र युवापुस्ताको मिलनबिन्दु आफू भएको बताएका छन।
उनले लामो समयदेखि पार्टीभित्र र बाहिरका 'फोरम'मा युवापुस्तालाई राज्यको मूल प्रवाहमा जोड्नुपर्छ भन्ने कुरा गर्दै आएपनि त्यसको सुनुवाइ नभएकोले पछिल्लो परिस्थिति निर्माण भएको बताए । आफूले कोभिड महामारीको समयदेखि युवाका निम्ति केन्द्रमा २०, प्रदेशमा ३० र स्थानीय तहमा ४० प्रतिशत प्रतिनिधित्वको माग गरेको स्मरण पनि उनले गरे।
शनिवार प्रजातन्त्र सेनानी सङ्घका केन्द्रीय समितिका पदाधिकारी एवं सदस्यहरुसँग भएको भेटमा देशको लोकतान्त्रिक आन्दोलनमा प्रजातन्त्र सेनानीले पु¥याउनुभएको योगदानको सधैँ कदर हुने नेता कोइरालाले बताए ।'सयौँ योद्धा र युवाको योगदानले निर्माण भएको पार्टीमा अहिले सैद्धान्तिक विचलन आएको छ', उनले भने, 'पार्टीभित्र मूल्य, मान्यता र निष्ठाको पनि पुनर्निर्माण जरुरी छ।'रासस

# देशलाई समाजवादतर्फ उन्मुख गराउनुपर्ने

**सुर्खेत।**
नेपाली कम्युनिष्ट पार्टीका नेता झलनाथ खनालले देशलाई समाजवादतर्फ उन्मुख गराउनुपर्नेमा जोड दिएका छन।
शनिवार आयोजित नेकपाको 'एकता सन्देशसभा'मा उनले देशको विकासका खातिर समाजवाद आवश्यक भएको बताए। पूर्वप्रधानमन्त्री खनालले मुलुकमा विदेशी हस्तक्षेप बढेको र राष्ट्रिय स्वाधीनतामाथि प्रश्न उठेकाले हरेक नागरिक राष्ट्र र राष्ट्रियताप्रति गम्भीर हुनुपर्छ भने।
फरक प्रसङ्गमा उनले भने, )पुँजीवादको अन्त्य र भ्रष्टाचारको अन्त्य गर्न सबै कम्युनिष्ट मिलेर समाजवाद स्थापना गर्नुको विकल्प छैन।'
सोही पार्टीका नेता नारायणकाजी श्रेष्ठले जनताको पार्टी नेकपा भएकाले यसलाई भ्रष्टाचार नगर्नेहरूको पार्टीका रुपमा स्थापित गर्नुपर्ने बताए । उनले सबैलाई एकताबद्ध गराउनुपर्नेमा जोड दिँदै मजदुर, जनजाति, दलितलाई एकताबद्ध गरेर अगाडि बढ्नुपर्छ भने । उनले देशलाई राजनीतिक रुपमा निकास दिन नेकपाको उदय भएको बताए।रासस

# कांग्रेस पाल्पाबाट २१ उम्मेदवार सिफारिस

**पाल्पा।**
नेपाली कांग्रेसले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा र माघ ११ गते हुने राष्ट्रियसभा निर्वाचनका लागि उम्मेदवारको नाम सिफारिस गरेको छ।
पाल्पा क्षेत्र नं १ बाट प्रत्यक्षतर्फ सन्दीप राना र समानुपातिकतर्फ कृष्णप्रसाद अधिकारीलाई सिफारिस गरिएको क्षेत्रीय सभापति झमनबहादुर मगरले जानकारी दिए। क्षेत्र नं २ बाट प्रतिनिधिसभाका लागि वीरबहादुर राना, हिमालदत्त श्रेष्ठ, मीना पन्थी, कृष्णप्रसाद बस्याल र महेश्वरी कुँवर सिफारिस भएका छन।
यसैगरी, समानुपातिकतर्फ राजनप्रसाद पन्त, सुनिता अधिकारी, वसन्ती घिमिरे र जमिला मियाँ सिफारिस भएका छन।
राष्ट्रियसभाका लागि १० जनाको नाम सिफारिस भएको छ।
पार्टीले हरिप्रसाद नेपाल, महेन्द्र पाण्डे, विधान श्रेष्ठ, यमलाल तिमिल्सिना, माधव नेपाल, देवराज ढकाल, दानबहादुर पछाई, शोभा शाक्य, शुक्रराज भण्डारी र अम्बिका पौडेललाई सिफारिस गरेको सभापति मगरले बताए।रासस

# अमेरिकी डलरको मूल्य उच्च बिन्दुमा

**काठमाडौँ।**
नेपाल राष्ट्र बैङ्कले शनिवारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । निर्धारित विनिमयदर अनुसार अमेरिकी डलरको भाऊ हालसम्मकै उच्च बिन्दुमा पुगेको छ । विनिमयदर अनुसार अमेरिकी डलर एकको खरिददर १४४ रुपैयाँ ३७ पैसा र बिक्रीदर १४४ रुपैयाँ ९७ पैसा निर्धारण गरिएको छ।

यसैगरी युरोपियन युरो एकको खरिददर १६९ रुपैयाँ २४ पैसा र बिक्रीदर १६९ रुपैयाँ ९५ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर १९३ रुपैयाँ ०२ पैसा र बिक्रीदर १९३ रुपैयाँ ८२ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १८१ रुपैयाँ ४८ पैसा र बिक्रीदर १८२ रुपैयाँ २४ पैसा कायम गरिएको छ ।अष्ट्रेलियन डलर एकको खरिददर ९६ रुपैयाँ १९ पैसा र बिक्रीदर ९६ रुपैयाँ ५९ पैसा, क्यानेडियन डलर एकको खरिददर १०४ रुपैयाँ ९१ पैसा र बिक्रीदर १०५ रुपैयाँ ३४ पैसा, सिङ्गापुर डलर एकको खरिददर १११ रुपैयाँ ७५ पैसा र बिक्रीदर ११२ रुपैयाँ २१ पैसा तोकिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ २६ पैसा र बिक्रीदर नौ रुपैयाँ २९ पैसा, चिनियाँ युआन एकको खरिददर २० रुपैयाँ ४६ पैसा र बिक्रीदर २० रुपैयाँ ५५ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३८ रुपैयाँ ४७ पैसा र बिक्रीदर ३८ रुपैयाँ ६३ पैसा, कतारी रियाल एकको खरिददर ३९ रुपैयाँ ६१ पैसा र बिक्रीदर ३९ रुपैयाँ ७७ पैसा कायम भएको छ।

केन्द्रीय बैङ्कका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ५८ पैसा र बिक्रीदर चार रुपैयाँ ६० पैसा, युएई दिराम एकको खरिददर ३९ रुपैयाँ ३१ पैसा र बिक्रीदर ३९ रुपैयाँ ४७ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३५ रुपैयाँ २१ पैसा र बिक्रीदर ३५ रुपैयाँ ३५ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ७८ पैसा र बिक्रीदर नौ रुपैयाँ ८२ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १५ रुपैयाँ ५३ पैसा र बिक्रीदर १५ रुपैयाँ ५९ पैसा र डेनिस क्रोनर एकको खरिददर २२ रुपैयाँ ६६ पैसा र बिक्रीदर २२ रुपैयाँ ७५ पैसा तोकिएको छ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १८ रुपैयाँ ५४ पैसा र बिक्रीदर १८ रुपैयाँ ६२ पैसा, कुवेती दिनार एकको खरिददर ४७० रुपैयाँ ५८ पैसा र बिक्रीदर ४७२ रुपैयाँ ५४ पैसा, बहराइन दिनार एकको खरिददर ३८२ रुपैयाँ ९७ पैसा र बिक्रीदर ३८४ रुपैयाँ ५६ पैसा , ओमनी रियाल एकको खरिददर ३७४ रुपैयाँ ९८ पैसा र बिक्रीदर ३७६ रुपैयाँ ५४ पैसा रहेको छ । भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ। राष्ट्र बैङ्कले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। वाणिज्य बैङ्कले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैङ्कको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# केन्द्रीय बैङ्कले उपदान कोषमा रहेको रकम लगानी गर्ने

**काठमाडौँ ।**
नेपाल राष्ट्र बैङ्कले उपदान तथा पेन्सन कोषमा रहेको छ अर्ब ६० करोड रुपैयाँ बराबरको रकम बैङ्क तथा वित्तीय संस्थामा लगानी गर्ने भएको छ ।

केन्द्रीय बैङ्कले सूचना प्रकाशित गरी आफूले लिन चाहेको रकम र व्याजदर समेत प्रस्ताव गरी आवेदन पेस गर्न आग्रह गरेको छ । केन्द्रीय बैङ्कले एक बर्षका लागि लगानी गर्न लागिएकाले यही मङ्सिर २९ गतेभित्र ब्याजदर प्रस्ताव गर्न आग्रह गरेको छ । राष्ट्र बैङ्कले 'क' वर्गका वाणिज्य बैङ्कमा पाँच अर्ब २८ करोड रुपैयाँ, 'ख' वर्गका विकास बैङ्कमा ९९ करोड रुपैयाँ र 'ग' वर्गका वित्त कम्पनीमा ३३ करोड रुपैयाँ बराबर लगानी गर्न लागिएको सूचनामा उल्लेख छ ।

बैङ्क तथा वित्तीय संस्था सञ्चालनमा आएको कम्तीमा दुई बर्ष पूरा भएको, तोकिएको न्यूनतम कुल कर्जा पूँजी कोष कायम भएको, निष्क्रिय कर्जा कूल कर्जा सापटीको आठ प्रतिशत र खुद निष्क्रिय कर्जा अनुपात तीन प्रतिशत ननाघेकोलगायतका शर्त पूरा गरेको हुनुपर्नेछ । त्यसैगरी केन्द्रीय बैङ्कले कर्मचारी सुरक्षण कोषमा रहेको रु एक अर्ब बराबरको रकम बैङ्क तथा वित्तीय संस्थामा लगानी गर्ने भएको छ । एक वर्षका लागि लगानी गर्न लागिएको उक्त रकमको व्याजदरसहित प्रस्ताव गर्न सूचनामा आग्रह गरिएको छ ।

सूचनाअनुसार 'क' वर्गका वाणिज्य बैङ्कमा ८० करोड रुपैयाँ, 'ख' वर्गका विकास बैङ्कमा १५ करोड रुपैयाँ र वित्त कम्पनीमा पाँच करोड रुपैयाँ बराबर लगानी गर्न लागिएको हो । यही मङ्सिर २८ गतेसम्म आवश्यक कागजात र विवरणसहित निवेदन दिन केन्द्रीय बैङ्कले आग्रह गरेको छ ।रासस

# एसिया कप क्रिकेटः नेपाल श्रीलङ्कासँग पराजित

**काठमाडौँ।**
एसिसी यु–१९ एसिया कप क्रिकेट प्रतियोगिताअन्तर्गत शनिवार भएको पहिलो खेलमा नेपाल श्रीलङ्कासँग ८ विकेटले पराजित भएको छ।

दुबईको द सेभेन्स रङ्गशाला भएको खेलमा नेपालले श्रीलङ्कालाई जितको लागि ८३ रनको लक्ष्य दिएको थियो । श्रीलङ्काले १४ दशमलव ५ ओभरमा दुई विकेट गुमाएर लक्ष्य पूरा गरेको हो।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपाल २८.५ ओभरमा सबै विकेट गुमाउँदै ८२ रनमा समेटिएको थियो।

समूह 'बी' मा रहेको नेपालले आगामी सोमबार बङ्गलादेशसँग खेल्नेछ । यही मङ्सिर २६ गतेदेखि सुरू भएको उक्त प्रतियोगितामा नेपालसहित बङ्गलादेश, श्रीलङ्का, अफगानिस्तान, भारत, पाकिस्तान, युएई र मलेसिया सहभागी छन्। रासस

# भोजपुरको काफ्ले डाँडालाई पर्यटकीय क्षेत्रका रुपमा विकास गरिँदै

**भोजपुर।**
सदरमुकाम नजिकै रहेको काफ्ले डाँडालाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने काम अघि बढाइएको छ।

भोजपुर नगरपालिका–९ मा पर्ने यस स्थानलाई आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गर्दै संरक्षण तथा संरचना निर्माणको काम निरन्तर रहेको वडाध्यक्ष रामबहादुर तामाङले जानकारी दिए।

वडाको छ लाख रुपैयाँ र प्रदेश सरकारको १० लाख रुपैयाँ गरी कूल १६ लाख रुपैयाँ मा यहाँ दुईतिरबाट बारा (रेलिङ) सहितको पदमार्ग, धारा, शौचालय र वनभोज स्थल निर्माण गरिएको छ।

'हामी काफ्ले डाँडालाई व्यवस्थित पर्यटकीय गन्तव्यका रूपमा विकास गर्दैछौँ', वडाध्यक्ष तामाङले भने, 'यो स्थान सुन्दर मात्र होइन, सदरमुकाम नजिक भएकाले पर्यटकलाई आकर्षित गर्ने धेरै सम्भावना छ, त्यसैले उपलब्ध स्रोतसाधनले भ्याएसम्मका संरचना तयार गरेका छौँ।'

यसवर्ष थप संरचना निर्माणका लागि वडाले एक लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छ । काफ्ले डाँडालाई अझ आकर्षक बनाउन बुद्धको मूर्ति स्थापना र दुईतिरबाट बारा राखेर सुरक्षित पैदलमार्ग बनाउने योजना रहेको वडाध्यक्ष तामाङले बताए। बजेट अभावका कारण केही काम अधुरो रहेको उनको भनाइ छ।



काफ्ले डाँडाबाट भोजपुर बजार, आसपासका बस्ती, हरियाली वनक्षेत्र तथा टाढासम्मका हिमश्रृङ्खलासमेत अवलोकन गर्न सकिने भएकाले यहाँ दैनिक रूपमासमेत घुमफिर तथा फोटो खिच्न आउनेको सङ्ख्या बढ्दो छ । विशेषगरी बिदाका दिन, नयाँ वर्ष तथा फूल फुल्ने मौसममा यहाँ आगन्तुकको चहलपहल उल्लेख्य रूपमा देखिने गरेको स्थानीयले बताएका छन् । पर्यटन व्यवसायीले यस क्षेत्रको प्रभावकारी व्यवस्थापन र प्रचारप्रसार हुन सकेमा स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष फाइदा हुने अपेक्षा राखेका छन्।रासस

# कृष्णप्रसाद भट्टराई स्मृति गोल्डकप फागुन २ गतेदेखि

**सुनसरी।**
पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको स्मृतिमा आगामी फागुन २ देखि फागुन ९ गतेसम्म तेस्रो संस्करणको अन्तरराष्ट्रिय गोल्डकप फुटबल प्रतियोगिता हुने भएको छ।

आयोजक 'द योङ ब्रदर्स क्लब' इटहरीले शनिवार पत्रकार सम्मेलन गरेर उक्त जानकारी दिइएको हो । क्लबका संरक्षक विकास केसीका अनुसार प्रतियोगितामा भारतसहित नेपालका नाम चलेका आठ वटाको टिम सहभागी हुनेछन्।

प्रतियोगितामा प्रथम हुने टोलीलाई रु चार लाख चार हजार र उपविजेतालाई दुई लाख दुई हजार २०० रुपैयाँ नगद पुरस्कार प्रदान गरिनेछ।

हरेक खेलमा 'म्यान अफ द म्याच' घोषित हुने खेलाडीलाई जनही सात हजार रुपैयाँ प्रदान गरिनेछ । सर्वोत्कृष्ट खेलाडीलाई २० हजार रुपैयाँ प्रदान गरिनेछ । रासस

# पशु सेवा केन्द्रमा विज्ञ अभाव

**बैतडी।**
पाटनमा रहेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र एक वर्षदेखि चिकित्सकविहीन बनेको छ।

सुदूरपश्चिम प्रदेश सरकारको भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालय मातहत रहेको सो कार्यालयमा एक वर्षदेखि पशु चिकित्सकको पदपूर्ति हुन सकेको छैन । पशु चिकित्सक नहुँदा पशु स्वास्थ्यसम्बन्धी विशेषज्ञ सेवा प्रदान गर्न नसकिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख गुमानीदत्त पन्तले जानकारी दिए।

पशुमा लाग्ने रोगको पहिचान तथा निदान, निरोगिता प्रमाणित, ल्याब तथा शल्यक्रिया, डाइग्नोसिस जस्ता पशु स्वास्थ्य सेवा प्रभावित बन्न पुगेको जनाएको छ ।'सअघि करारमा कार्यरत पशु चिकित्सक विशाल पाठक गत वर्षको मङ्सिरदेखि नै कार्यालयबाट गइसकेपछि हालसम्म पदपूर्ति हुन सकेको छैन', केन्द्रका प्रमुख पन्तले भने, 'जिल्लाबाट बाहिरिने खसी, बोका, भैँसी, राँगा निकासी पैठारीका लागि प्रमाणित गर्न सकिएको छैन, यसले चोरी निकासी गरी जिल्ला बाहिर पैठारीको जोखिम बढाएको छ।'

पशु चिकित्सकसहित सात जना प्राविधिकको दरबन्दी रहेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा अहिले एक पशु विकास अधिकृत र एक प्राविधिक गरी दुई जना मात्रै रहेका छन्।रासस

# जापानमा भालु आक्रमण तीव्र

जापानको "स्की" रिसोर्टमा शुक्रबार भालु देखा परेको रिपोर्ट प्राप्त गरेको बताइएको छ । अप्रिलदेखि देशभर भालुको आक्रमणद्वारा १३ जनाको मृत्यु भएको रेकर्ड गरिएको छ भने भालुहरू घरभित्र प्रवेश गर्ने, विद्यालयनजिकै घुम्ने र सुपरमार्केटमा तोडफोड गर्ने घटना नियमित रिपोर्ट गरिएको छ ।


नागानो क्षेत्रको हकुबा ४७ माउन्टेन स्पोर्ट्स पार्ककी काजुया शिराकावालाई उद्दृत गर्दै एएफपीले 'आइतवार दुईवटा स्थानमा भालु देखिएको रिपोर्ट प्राप्त गरेदेखि हरेक दिन भालुको खुट्टाको छाप छ कि छैन भनेर जाँच गर्न गस्ती गरिरहेको जनाएको छ ।



भालुहरू सामान्यतया जाडोमा सुरक्षित स्थानमा लुक्ने गरेकोमा यस महिनाको सुरुमा भने यस क्षेत्रमा एक व्यक्तिलाई आफ्नै घर नजिकै हिउँ सफा गर्दा आक्रमण गरेको जनाइएको छ ।

जापान सरकारले आक्रमणमा भएको वृद्धिलाई सामना गर्न थप सतर्कता अपनाइरहेको छ, भने वैज्ञानिकले घट्दो मानव जनसङ्ख्या र द्रुत गतिमा बढिरहेको भालुहरूको सङ्ख्याले आक्रमण बढी रहेको बताएका छन्। एजेन्सी

# एनपिएलः रोहित बने ह्याट्रिक गर्ने दोस्रो बलर



**काठमाडौँ।**
नेपाल प्रिमियर लिग (एनपिएल)मा लुम्बिनी लायन्सका कप्तानसमेत रहेका रोहित पौडेलले ह्याट्रिक विकेट लिएका छन् । उनले शनिवारको फाइनल खेलमा ह्याट्रिकसहित तीन विकेट लिएका हुन् । योसँगै रोहित जारी सिजनमा ह्याट्रिक गर्ने दोस्रो बलर बनेका छन्।

यसअघि काठमाडौँ गोर्खाजका शाहव आलमले यो सिजनमा पहिलो ह्याट्रिक गरेका थिए । पोखरा एभेञ्जर्सविरूद्ध ह्याट्रिकसहित छ विकेट लिँदै उनले रेकर्ड बनाएका थिए । शाहव एकै खेलमा छ विकेट लिने पहिलो बलरसमेत बनेका थिए।

यसअघि चितवन राइनोजका रञ्जित कुमारले एकै खेलमा पाँच विकेट लिएका थिए । यस्तै एकै खेलमा चार विकेट लिने खेलाडीहरूमा सुदूरपश्चिम रोयल्सका कप्तान दिपेन्द्र सिंह ऐरी, सुदूरपश्चिमकै अविनाश बोहरा, विराटनगर किंग्सका कप्तान सन्दीप लामिछाने, पोखरा एभेञ्जर्सका विपीन खत्री, चितवन राइनोजका सोहेल तनभिर र पोखराका धनन्जय लक्षन रहेका छन्।रासस

# इन्डोनेसियाको बाढीमा ज्यान गुमाउनेको सङ्ख्या हजार नाग्यो, उद्धार कार्य जारी

इन्डोनेसियाको सुमात्रा टापुका तीन प्रान्तमा आएको बाढी र पहिरोबाट ज्यान गुमाउनेको सङ्ख्या एक हजार नाघेको उल्लेख गर्दै २१८ जना अझै बेपत्ता रहेको इन्डोनेसियाको विपद् व्यवस्थापन एजेन्सी (बीएनपीबी) ले शनिबार जनाएको छ ।

एजेन्सिका अनुसार विपत्तिले मानवीय तथा पूर्वाधारमा व्यापक क्षति पुर्याएको छ भने उद्धार कार्य अझै जारी रहेको छ ।

बिएनपिबीको तथ्याङ्क अनुसार करिब एक हजार २०० सार्वजनिक सुविधाहरूका साथै २१९ स्वास्थ्य सुविधाहरू, ५८१ शैक्षिक सुविधाहरू, ४३४ मन्दिरहरु २९० कार्यालय भवनहरू र १४५ पुलहरू क्षतिग्रस्त भएका छन् ।

यसैबीच, इन्डोनेसियाका राष्ट्रपति प्रबोवो सुबिआन्तोले शुक्रबार आचेहको विपद् प्रभावित क्षेत्रहरूको भ्रमणका क्रममा सरकारले समुदायको विभिन्न आधारभूत आवश्यकताहरू पूरा गर्न काम गरिरहेको बताउनु भएको छ ।

विपद्को समयमा सबैले मिलेर स्थितिमा सुधार गर्ने आशा व्यक्त गर्दै सरकारले आवाश्यक सहयोग गर्ने प्रबोवोले बताउनु भएको छ ।

उहाँले सबै नागरिकहरूलाई स्थिर रहन र सामान्यीकरणको प्रक्रियामा आफ्नो उत्साह कायम राख्न आह्वान गर्दै बालबालिकाका लागि पढाइ र सिकाइ लगायत सामुदायिक गतिविधिहरू चाँडै सामान्य अवस्थामा फर्कन सक्ने आशा व्यक्त गर्नु भएको छ । एजेन्सी

# कारागारबाट फरार भइ चोरीमा संलग्न भएको आरोपमा पक्राउ

**काठमाडौँ ।**
जिल्ला प्रहरी परिसर काठमाडौँले चोरीको १० लाख २३ हजार ५०० रुपैयाँ नगदसहित एक जनालाई पक्राउ गरेको छ ।
परिसरका प्रवक्ता प्रहरी उपरीक्षक पवनकुमार भट्टराईका अनुसार गत भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा केन्द्रीय कारागार जगन्नाथ देवलबाट फरार रहेका नुवाकोट बेलकोटगढी–९ का दीपक गजुरेललाई ठमेलबाट पक्राउ गरिएको हो ।
प्रहरीका अनुसार गजुरेलले यही मङ्सिर २६ गते राति १२:३० बजे काठमाडौँ सोह्रखुट्टेस्थित होटल लोटस ग्राण्डको पहिलो तल्लामा रहेको नेपाल होलिडे टे«क एण्ड ट्राभल्सको कार्यालयबाट चोरी गरेको पाइएको छ । गजुरेलले काठमाडौँ महानगरपालिका–९ सिनामङ्गलस्थित राज फाइनान्सबाट पनि यही मङ्सिर २४ गते चोरी गरेको प्रहरीको भनाइ छ ।
प्रहरीले आरोपी गजुरेलबाट नगदसहित खैरो रङको व्याग, चोरी गर्दा प्रयोग गरेको हरियो रङ्गो हुडी, क्यानन क्यामेरा, हार्ड ड्राइभलगायतका सामग्री बरामद गरेको छ ।रासस

# समुदायमा चेतना जगाउँदै कुष्ठरोग प्रभावित व्यक्तिहरु



**बाँके ।**
बाँके जिल्लाका कुष्ठरोग प्रभावित व्यक्तिहरु आफ्नो पीडालाई शक्तिमा बदलेर समुदायमा कुष्ठरोगबारे चेतना जगाउने अभियान थालेका छन् ।
स्वयं रोगबाट प्रभावित भएर सफल उपचारपश्चात् उनीहरूलेसहायता समूह गठन गरी लुकेका बिरामीलाई उपचारको दायरामा ल्याउन र सामाजिक लाञ्छना हटाउन सक्रिय भूमिका निर्वाह गरिरहेका छन् ।
जानकी गाउँपालिका–१, साईगाउँ निवासी गुलाम हसमत साई स्वयं कुष्ठरोगबाट प्रभावित हुनुहुन्छ । रोगका कारण हात र आँखामा समस्या भएपछि जानकी गाउँपालिका–३ स्थित साइनिङ अस्पतालमा लामो समय उपचार गरेपछि उनको स्वास्थ्यमा उल्लेख्य सुधार आयो । स्वास्थ्य लाभ गरेपछि उहाँले कुष्ठरोग प्रभावितको हितका लागि स्वयं सहायता समूह गठन गरेका छन ।
'कुष्ठरोगबाट मैले धेरै दुःख पाएँ, समयमै उपचार गरेर अरू प्रभावितले दुःख पाउन नपरोस् भनेर गाउँ समाजमा सचेत गराउँदै आएको छु,' उन भने 'अझै पनि गाउँमा नखुलेका कुष्ठरोग प्रभावित व्यक्तिलाई उपचारको दायरामा ल्याउन हामीले सहजीकरण गर्दै आएका छौँ ।'
साईका अनुसार, नियमित औषधि सेवन गरेमा कुष्ठरोग निको हुन्छ । सहायता समूहका सदस्यले कुष्ठरोगको जोखिममा रहेका व्यक्तिलाई स्वास्थ्य संस्थामा जाँचका लागि पठाउनसमेत सहयोगी भूमिका निर्वाह गरिरहेका छन् । 'बाँके जिल्लामै साइनिङ अस्पताल हुनु हाम्रो लागि वरदान सावित भएको छ', उन भने 'यहाँ कुष्ठरोगको सहज तरिकाले राम्रोसँग उपचार हुने भएकोले रोग लुकाएर होइन, जाँच गरेर उपचार गरे सञ्चो भइहाल्छ ।'
बाँकेको बैजनाथ गाउँपालिका–८ टिटिहिरियास्थित स्वयं सहायता समूहका अध्यक्ष रोहित चौधरीले समाजमा कुष्ठरोगप्रति अझै पनि गलत धारणा रहेको बताछन । 'कुष्ठरोग प्रभावित व्यक्तिलाई गाउँ समाजमा अझै पनि हेयको दृष्टिले हेर्ने र लाञ्छना लगाउने कुसंस्कारले गर्दा बिरामी उपचारको दायरा बाहिरै रहने गरेका छन', चौधरी भने ।
कुष्ठरोग प्रभावितको सामाजिक तथा आर्थिक हक हितका लागि सङ्गठित भई आफूहरूले शङ्कास्पद बिरामीलाई अस्पतालमा उपचारका लागि पठाउने गरेको उनले बताए ।
बाँकेमा कुष्ठरोग प्रभावित व्यक्ति सङ्गठित भई पाँचवटा स्वयं सहायता समूह स्थापना भएका छन्, जसमा करिब १०० जना प्रभावित आबद्ध छन् ।भारतमा कुष्ठरोगबाट प्रभावित भएपछि उपचारका लागि साइनिङ अस्पतालमा आउनुभएकी बर्दिया गेरुवा गाउँपालिका–६ निवासी निर्मला थापाको पनि अहिले स्वास्थ्यमा सुधार आएको छ । घर फर्किएपछि उहाँले पनि स्वयं सहायता समूह गठन गरेर सम्भावित बिरामीलाई उपचारका लागि अस्पतालमा पठाउन सहयोग गर्ने सोच बनाएको बताए ।
साइनिङ अस्पतालका प्रमुख मङ्गल थारुका अनुसार स्वयं सहायता समूहमा आबद्ध भएपछि कुष्ठरोग प्रभावितहरू सामाजिक र आर्थिक रूपमा सशक्तिकरणका लागि अगाडि बढ्न सक्ने क्षमतामा विकास भएको छ ।
'उहाँहरुले अहिले आफ्नो हकहित सँगसँगै नयाँ कुष्ठरोगीको पहिचान र उपचारका लागि शङ्कास्पद बिरामीलाई अस्पताल प्रेरण गरेर समाजमा सकारात्मक काम गर्दै आउनुभएको छ', थारुले भनले, 'गुलाम हसमत साई, रोहित चौधरी, निर्मला थापाजस्ता कुष्ठरोग प्रभावितको यो प्रयासले रोगलाई लुकाउने होइन, समयमै उपचार गरेर रोगमुक्त भई समुदायमा सकारात्मक परिवर्तनको सम्वाहक बन्न सकिन्छ भन्ने सन्देश दिएको छ ।'
पश्चिम नेपालमा कुष्ठरोगको प्रेषण केन्द्रका रूपमा रहेको बाँकेको जानकी गाउँपालिका–३ स्थित साइनिङ अस्पतालमा नयाँ बिरामीको सङ्ख्या बढ्दो क्रममा रहेको छ । यो अस्पतालमा गत आर्थिक वर्ष ०८१/८२ मा १७४ जना नयाँ कुष्ठरोगका बिरामी फेला परेका छन् । यो सङ्ख्या अघिल्लो आर्थिक वर्षको तुलनामा बढिरहेको अस्पतालका प्रमुख मङ्गल थारुले जानकारी दिए ।
साइनिङ अस्पताल आइएनएफ बाँकेले अघिल्लो आर्थिक वर्ष ०८०÷८१ मा १४६ जना नयाँ कुष्ठरोगी पहिचान गरी उपचारका लागि विभिन्न स्वास्थ्य संस्थामा प्रेषण गरेको थियो ।
अस्पतालका प्रमुख थारुका अनुसार, पहिचान गरिएका यी नयाँ बिरामीलाई उपचारका लागि पायक पर्ने नजिकको स्वास्थ्य संस्थामा प्रेषण गरिएको छ । एक वर्षमा १७४ नयाँ बिरामी पहिचान हुनुले रोग पहिचान र उपचारको आवश्यकता अझै उच्च रहेको देखाउँछ ।
कुष्ठरोगी पहिचानमा सबैभन्दा धेरै बाँकेका ७१, बर्दियाका ४२, सुर्खेतका पाँच, दैलेख तीन, जाजरकोट चार, दाङका पाँच, सल्यानका दुई, प्यूठानका दुई, रुकुमका तीन, सुदूरपश्चिम प्रदेशका छ र भारतका ३१ गरी १७४ नयाँ कुष्ठरोगीको पहिचान भएको हो । पहिचान भएकामध्ये ७९ जना ४५ प्रतिशत बिरामीमा कुष्ठरोगको कीटाणु पोजिटिभ रहेको पाइएको उहाँले जानकारी दिए ।
साइनिङ अस्पतालले बहिरङ्ग सेवामार्फत नौ हजार ३८४ पुरुष र नौ हजार ५२४ महिला गरी कूल १८ हजार ९०८ सेवाग्राहीलाई स्वास्थ्य सेवा प्रदान गरेको छ । तीमध्ये कुष्ठरोग वा सम्बन्धित समस्या लिएका दुई हजार ७८४ र छाला तथा अन्य स्वास्थ्य समस्या लिएर सोह्र हजार १२४ सेवाग्राही आएका अस्पताल प्रमुख थारुले जानकारी दिए ।
अस्पतालले कुष्ठरोगीको पहिचान, अपाङ्गता रोकथाम तथा उपचार, कुष्ठरोग सम्पर्क परीक्षण, समुदायस्तरमा छाला तथा कुष्ठरोग पहिचान शिविर, स्वास्थ्यकर्मीका लागि क्षमता अभिवृद्धि तालिम, समुदायमा कुष्ठरोग सचेतना कार्यक्रम, निःशुल्क उपचार सेवालगायत गतिविधि गरिरहेको उनको भनाइ छ ।
जिल्ला समन्वय समिति बाँकेका प्रमुख ज्ञानेन्द्र चौधरीले साइनिङ अस्पताल बाँके जिल्लाको मात्रै नभई पश्चिम नेपालकै प्रमुख उपचार केन्द्र भएकोले यसको प्रभावकारी सेवा प्रवाहमा स्थानीय सरकारले समेत आवश्यक समन्वय र सहकार्य गर्नुपर्नेमा जोड दिए ।रासस

# निर्वाचन ८२ दिन बाँकीः समानुपातिक निर्वाचन प्रणालीमा सहभागी दललाई चुनाव चिन्ह प्रदान



**काठमाडौँ**
आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिक प्रणालीतर्फ सहभागी राजनीतिक दललाई निर्वाचन आयोगले चुनाव चिन्ह प्रदान गरेको छ । आयोगले शुक्रबार ती राजनीतिक दल दर्ता भएको र चुनाव चिन्हसमेत उपलब्ध गराएको हो।
सहायक निर्वाचन अधिकृत यज्ञप्रसाद भट्टराईका अनुसार यही मङ्सिर २१, २२ र २३ गते तीन दिनको समयभित्र समानुपातिकतर्फको निर्वाचनमा भाग लिनका लागि आवेदन दिएका थिए।
सो निर्वाचन प्रणालीतर्फ १०० दलले आवेदन दिएको भएपनि दुई वा दुईभन्दा बढी दलले एकल चुनाव चिन्हमा भाग लिने गरी आवेदन दिएकाले कूल ९३ वटा निर्वाचन चिन्ह कायम भएको उनको भनाइ छ।
आयोगले २०७९ सालको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा प्राप्त गरेको समानुपातक मतका आधारमा क्रमसङ्ख्या र निर्वाचन चिन्ह प्रदान गरिएको जनाएको छ ।
अन्यका हकमा दर्ताका आधारमा चिन्ह प्रदान गरेको छ । आयोगले पहिलो नम्बरमा सूर्य, दोस्रोमा रुख, तेस्रोमा पाँचकुने तारा, चौथोमा घण्टी, पाँचौँमा हलो, छैटाँैमा ढल्केको छाता, सातौँमा लाउड स्पिकर चुनाव चिन्ह निर्धारण गरेको छ।
त्यसैगरी पिँध भएको सादा ढकिया, साइकल, मादल, गिलास, लौरो, खुलेको एकल आँखा, जरायो, दुई हात जोडेको नमस्कार, कुखुराको भाले, जग, पञ्जा छाप, इनार, डोको, हँसिया र तारा, कमलको फूल, गिटार, घर, हँसियालगायतका चुनाव चिन्ह रहने छन्।
यसैगरी, नेपाल सङ्घीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल, नेपाल जनजागृति पार्टीले एकल चुनाव चिन्ह बस प्राप्त गरेको छ। राष्ट्रिय मुक्ति पार्टी नेपाल, जनता समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टी नेपालले एकल चिन्हका रूपमा चकिया (जाँतो) चुनाव चिन्ह पाएको छ।
नेपाल कम्युनिस्ट पार्टी (माक्र्सवादी), नेपाल कम्युनिस्ट पार्टीले कोदालो र सचेत नेपाली पार्टी र नागरिक सर्वोच्चता पार्टी नेपालले जगर भएको सिंह एकल चिन्ह पाएको आयोगले जनाएको छ।रासस

# गण्डकीमा मानसिक अस्पतालको अभाव



**गण्डकी।**
गण्डकी प्रदेशमा मनोसामाजिक समस्या भएका बिरामीको सङ्ख्या दिनानुदिन बढ्दै गएपनि उक्त रोगको निदान तथा औषधोपचारका लागि विशिष्टिकृत र सुविधायुक्त अस्पतालको अभाव छ।
अन्य अस्पतालमा पनि दरबन्दीअनुसार मानसिक रोगका विशेषज्ञ चिकित्सक नहुँदा उपचार सेवा प्राप्त गर्न कठिनाइ छ।
मानसिक समस्याबाट गुज्रिरहेका दुरदराजका बिरामी महँगो खर्चमा काठमाडौँका अस्पतालमा पुग्न बाध्य छन् ।
गण्डकी प्रदेश सरकारका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकका अनुसार गण्डकी प्रदेशमा हालसम्म मानसिक अस्पताल छैन।
प्रदेशको स्वास्थ्य मन्त्रालयले पोखरामा विशिष्टिकृत अस्पताल सरहको मानसिक स्वास्थ्य प्रवद्र्धन केन्द्र निर्माणका लागि पहल गरेपनि त्यसले सार्थकता पाइनसकेको उनको भनाइ छ।
स्वास्थ्य मन्त्रालय र जिल्ला समन्वय समिति, कास्की मिलेर उक्त केन्द्र निर्माणका लागि गत वर्षदेखि छलफल हुँदै आएको थियो।
स्वास्थ्यमन्त्री पाठकले मानसिक स्वास्थ्य समस्या विकराल बन्दै गएकाले प्रदेशस्तरमा सुविधायुक्त मानसिक अस्पताल आवश्यकता औँल्याए । उनका अनुसार गण्डकी प्रदेशमा मानसिक स्वास्थ्य समस्याकै कारण औसतमा दैनिक दुई जनाले आत्महत्या गर्ने गरेको आँकडाले देखाएको छ।
मन्त्रालयले मानसिक रोगको निदान, परामर्श, उपचारलगायतमा गुणस्तरीय सेवा प्रदान गर्ने गरी मानसिक स्वास्थ्य प्रवद्र्धन केन्द्र स्थापनाका लागि पहल अगाडि बढाएको थियो । पोखराको सिर्जनाचोकमा रहेको जिल्ला समन्वय समितिको जग्गामा उक्त केन्द्र निर्माण गर्ने गरी विभिन्न चरणमा छलफल भएको मन्त्री पाठकले बताए।
गत वर्ष नै सङ्घ सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव, प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयका सचिव, महानिर्देशक, महाशाखा प्रमुख, जिल्ला समन्वय समितिका प्रमुखलगायतको बैठकले केन्द्र निर्माणका लागि आवश्यक सबै तयारी र पहल अगाडि बढाउने निर्णय गरेको थियो।
मानसिक रोगको उपचार गर्ने अस्पतालका रूपमा मात्रै नभएर समग्र मानसिक स्वास्थ्य प्रवद्र्धन केन्द्रका रूपमा विकास गर्ने योजना बनाइएको स्वास्थ्यमन्त्री पाठकले बताउनुभयो । अन्य अस्पतालबाट मानसिक रोगको पनि उपचार तथा परामर्श सेवा प्रदान गरिएपनि गण्डकी प्रदेशमा मानसिक रोगसम्बन्धि छुट्टै विशिष्टिकृत अस्पताल अहिलेसम्म बनेको छैन।रासस

# मुदीखोला जलविद्युत् आयोजनाको पहुँचमार्ग निर्माण सुरु



**म्याग्दी ।**
म्याग्दीको धौलागिरि गाउँपालिका–४ मा १४ मेगावाट क्षमताको मुदीखोला जलविद्युत् आयोजनाको पहुँचमार्ग निर्माण सुरु भएको छ ।
म्याग्दी र गुर्जाखोलाको दोभानमा धौलागिरि गाउँपालिका–४ का वडाध्यक्ष यामबहादुर घर्तीले पहुँचमार्ग निर्माण कार्यको सुरुआत गरेका हुन । दोभानदेखि अर्चेको फेदीमा रहने बाँध निर्माणस्थलसम्म आठ किलोमिटर पहुँचमार्ग निर्माण गर्न थालिएको प्रवद्र्धक कम्पनी एभरेष्ट इनर्जी एण्ड इन्फ्रास्ट्रचरले जनाएको छ ।
प्रवद्र्धक कम्पनीका सम्पर्क व्यक्ति राम केसीले विद्युतगृहदेखि बाँध रहने स्थानसम्म पहुँचमार्ग पु¥याएपछि सिभिल ठेकेदारमार्फत बाँध, सुरुङ र विद्युत्गृह निर्माण थालिने जानकारी दिए ।
'पहुँचमार्ग निर्माणसँगै वित्तीय व्यवस्थापन, सिभिल र इलेक्ट्रोमेकानिकल ठेकेदार छनोटको कामलाई पनि समानान्तर हिसाबले अघि बढेको छ', उनले भने, 'सुरुङ निर्माणमा आवश्यक पर्ने विस्फोटक पदार्थ भण्डारण र सुरक्षाका लागि आयोजनास्थलमा नेपाली सेनाको पोष्ट राख्न आवश्यक पूर्वाधार निर्माण पनि सुरु गर्ने तयारी छ ।' अर्चेको फेदीमा बाँध, गुर्जा र म्याग्दी नदीको दोभानमा विद्युतगृह रहने आयोजनाको चार किलोमिटर सुरुङ रहनेछ । विद्युत् खरिद बिक्री सम्झौता भइसकेको आयोजनाले विद्युत् विकास विभागबाट जेनेरेशन अनुमतिपत्र पाइसकेको छ । बाँध र विद्युत्गृहको हेड ३३७ मिटर रहेको छ । यस आयोजनाको लागत प्रतिमेगावाट १६ करोड रुपैयाँ अनुमान गरिएको केसीले बताए ।
रन अफ द रिभर (नदी प्रवाह)मा आधारित यस आयोजनाबाट उत्पादित विद्युत् नेपाल विद्युत् प्राधिकरणले डाँडाखेतमा निर्माण गरेको १३२ केभिए क्षमताको सवस्टेशनमार्फत केन्द्रीय प्रणालीमा आबद्ध गराइनेछ । दोभानदेखि डाँडाखेतसम्म म्याग्दी र सहायक नदीमा निर्माणाधीन अन्य आयोजनासँग पनि साझेदारी गरेर आठ किलोमिटर लामो प्रशारण लाइन निर्माण गरिने भएको छ ।
धौलागिरि गाउँपालिका–४ को भूगोल भएर बग्ने नदीहरूमा मुदीखोलाबाहेक ५३ दशमलव पाँच मेगावाट क्षमतको अपर म्याग्दी–१, ४६ दशमलव २५ मेगावाटको अपर म्याग्दी जलविद्युत् आयोजना निर्माणाधीन छन् । पैँसठ्ठी मेगावाट क्षमताको म्याग्दीखोला जलविद्युत् आयोजनाले जेल्तुङदेखि दोभानमा रहने बाँध जोड्ने पहुँचमार्ग निर्माणको तयारी गरेको वडाध्यक्ष घर्तीले बताए ।रासस

# एमालेले देशलाई गलत दिशामा जान दिँदैनः अध्यक्ष ओली

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आफ्नो पार्टीले देशलाई गलत दिशामा जान नदिने प्रतिबद्धता व्यक्त गरेका छन ।

सो पार्टीको ११औँ राष्ट्रिय महाधिवेशनको भक्तपुरको सल्लाघारीमा आयोजित उद्घाटनसत्रलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले अनेक चुनौती र प्रहारलाई चिर्दै एमालेको पक्षमा जनलहर उर्लिएको बताए । एमाले कुनै राजनीतिक 'स्टन्ट' नगरी समृद्ध मुलुक बनाउने सङ्कल्पमा अग्रसर रहने जनाउँदै सुशासन र विकास चाहने सम्पूर्ण शक्तिले एमालेलाई साथ दिएको उल्लेख गरे ।



'लोकतन्त्र अजेय छ, नेकपा एमाले अजम्मरी छ । लोकतन्त्र र जनताको हितमा समर्पित एमाले जस्तो शक्तिलाई निर्णायक राष्ट्रिय शक्ति बनाउनुपर्छ । सिङ्गो देशलाई समृद्ध र सुखी बनाउने गन्तव्यतर्फ हामी अघि बढिरहेका छौँ,' अध्यक्ष ओलीले भने, 'कम्युनिष्ट पार्टी जति बलियो भयो, त्यति नै राष्ट्रियता बलियो हुन्छ । एमाले सामाजिक न्याय र सामाजिक न्यायको सुरुआती अभियन्ता पार्टी हो । नागरिकले जीवनको आधार यही शक्ति हो ।'



एमाले समावेशिताको अगुवा भएको बताउँदै उनले राष्ट्रिय राजनीतिमा एमालेले सबै क्षेत्रको समावेशीतालाई स्थापित गरेको बताए । एमाले नेपाली विशेषतासहितको समाजवाद निर्माणमा लागेको उल्लेख गर्दै उनले एमाले गाउँमुखी र जनसहभागितामूलक विकास तथा ठूला विकास योजनाको अभियन्ता भएको बताए ।

महाधिवेशनको विशाल उपस्थितिलाई बेवास्ता नगर्न स्मरण गराउँदै उनले विघटित संसद् पुनःस्थापना हुनेमा आफूहरु विश्वस्त रहेको अध्यक्ष ओलीले बताए ।

गत भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनमा घुसपैठका कारण राज्य र राज्यका संरचनालाई कमजोर बनाइए पनि शान्तिपूर्ण र न्यायपूर्ण बलको जगमा लोकतन्त्रलाई फर्काइने अध्यक्ष ओलीको भनाइ थियो । उनले अहिलेको सरकार निर्वाचनको वातावरण बनाउनभन्दा पूर्वाग्रह र संविधानविपरीतका काममा लागेको आरोप पनि लगाए । उनले अहिले सरकारले निर्वाचन नगराउने र त्यसका कारण पनि संसद पुनःस्थापना हुनुपर्ने बताए ।

ओलीले सरकारलाई फागुन २१ गतेका लागि तोकिएको निर्वाचन शान्तिपूर्ण वातावरणमा गराउन आग्रहसमेत गरे। तर उनले अहिलेको अन्तरिम सरकार निर्वाचन गराउने बाटोमा नभएको बताए। 'अहिले निर्वाचन हुन्छ भनेर भनिएको मात्र हो। निर्वाचन हुने अवस्था छैन,' उनले भने।

निर्वाचन भएमा एमाले भाग्छ भन्ने नसोच्न उनको आग्रह छ। 'एमाले निर्वाचनबाट भाग्छ भन्ने कसैले नसोचोस्। एमाले डर, त्रासको समयमा निर्वाचनमा भाग लिएको पार्टी हो । निर्वाचनबाट एमाले भाग्दैन। शान्तिपूर्ण वातावरण निर्वाचन होस्,' उनले भने ।

उनले अहिलेको सरकारले जालझेलको बाटो पनि लिइरहेको आरोप लगाए। 'एककातिर निर्वाचनको कुरा गर्ने तर जालझेल गर्ने, जेन्जीसँग गलत सम्झौता गर्न,' उनले भने । उनले जेन्जी आन्दोलनप्रति लक्षित गर्दै एमालेको सान्दर्भिकता सकियो भन्ने भाष्य खडा गर्नेहरुका सामु धुवाँ, खरानी र निषेधका प्रहारहरुलाई चिर्दै पार्टीको महाधिवेशनमा जनसागर उर्लिएकाले पनि एमाले अजम्बरी बनेको आफूले ढुक्कका साथ भन्नसक्ने अवस्था आएको बताए ।

उनले उद्घाटन समारोहमा भएको उपस्थितिले आफूलाई गौरवान्वित बनाएकोसमेत बताए । उनले भने, 'धुवाँ, खरानी र निषेधका प्रत्येक प्रहारलाई चिर्दै जब आज यहाँ यो जनसागर उर्लिएको छ। म ढुक्कले भन्न सक्छु– लोकतन्त्र अजय छ। नेकपा एमाले अजम्बरी छ ।'

ओलीले संविधान, लोकतन्त्र र त्यसको स्तम्भको रुपमा रहेका राजनीतिक दलहरुमाथिको हमला स्वीकार्य नहुनेसमेत बताए ।

नेपाली कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले मुलुकलाई पुनः संवैधानिक बाटोमा फर्काउने एकमात्र आधार निष्पक्ष र शान्तिपूर्ण निर्वाचन रहेको बताएका छन ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को ११औँ महाधिवेशनलाई सम्बोधन गर्दै उनले वर्तमान राजनीतिक अवस्थालाई संविधानभन्दा बाहिर जान नदिनका लागि संवैधानिक निकासको मार्ग भनेको निर्वाचन रहेको बताए ।

कार्यवाहक सभापति खड्काले हाल सरकार गठन, प्रतिनिधिसभा विघटनलगायत सर्वोच्च अदालतमा विचाराधीन रहेका विषयलाई सर्वोच्चको क्षेत्राधिकारभित्र रहनदिनुपर्ने धारणा राखे । उनले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई सफल बनाउन शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरण निर्माण गर्नु सरकार र निर्वाचन आयोगको दायित्व रहेको बताउँदै यसमा सबै राजनीतिक दलले समन्वय र सहयोग गर्नुपर्नेमा जोड दिए ।

'निर्वाचनका लागि शान्तिसुरक्षाको अवस्था सामान्य बनाउने, नागरिकलाई ढुक्क भएर मतदान गर्न पाउने वातावरण सुनिश्चित गर्ने जिम्मेवारी सरकारको हो । यसमा राजनीतिक दलले समन्वय गर्नु जरुरी छ,' उनले भने ।

गत भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएका हिंसात्मक गतिविधिप्रति चिन्ता व्यक्त गर्दै खड्काले प्रदर्शनको आवरणमा विभिन्न आपराधिक समूह कारागारबाट बाहिर निस्किएका, हजारौँ हातहतियार र लाखौँ गोली लुटिएका घटनाले नागरिकमा गम्भीर त्रास फैलिएको बताए ।

लोकतान्त्रिक प्रणालीको मुख्य आधार निष्पक्ष र धाँधलीरहित आवधिक निर्वाचन भएको उल्लेख गर्दै कार्यवाहक सभापति खड्काले स्थापित राजनीतिक दलहरूलाई कमजोर पार्न खोज्ने शक्तिहरू सक्रिय हुनसक्ने भएकाले लोकतन्त्र ल्याउन र संविधान निर्माणमा महत्वपूर्ण भूमिका खेलेका दलहरू आन्तरिक रूपमा एकताबद्ध भई अगाडि बढ्नुपर्ने बताए ।

पार्टी जुट्दा र फुट्दा दुवै अनुभव नेपाली कांग्रेसले भोगिसकेको उल्लेख गर्दै खड्काले बहुदलीय व्यवस्थामा दलहरू सुसङ्गठित, व्यवस्थित र जनप्रिय हुनु उत्तिकै आवश्यक रहेको धारणा राखे । एमालेले ११औँ महाधिवेशनमार्फत पार्टीलाई थप परिष्कृत र समयसापेक्ष बनाउँदै सर्वसम्मत विधिप्रक्रियाबाट अनुभवी र सक्षम नेतृत्व चयन गर्ने उनले विश्वास व्यक्त गरे ।

बहुदलीय संसदीय शासन व्यवस्थामा जनताको सङ्गठित शक्ति भनेकै राजनीतिक दलहरू भएको उल्लेख गर्दै कार्यवाहक सभापति खड्काले विविध विचार र सिद्धान्तका आधारमा सङ्गठित दलहरूमध्ये जनताले रोजेका दलले शासन सञ्चालन गर्ने प्रणाली आजको विश्वमा सबैभन्दा बढी रुचाइएको बताए । 'विभिन्न खालका निरङ्कुश व्यवस्थाबाट संसारका मुलुकहरू ढिलोचाँडो यही प्रणालीतर्फ रूपान्तरण भइरहेका छन,' उनले भने ।

लोकतन्त्रको सुदृढता र दिगोपनको अर्थ जनताले रुचाउँदा सत्ता र नरुचाउँदा सत्ता बाहिर रहने व्यवस्था भएको उल्लेख गर्दै खड्काले दलहरूको परीक्षण हरेक पाँच वर्षमा सबै तहका निर्वाचनमार्फत हुने स्पष्ट गर्नुभयो । राज्य सञ्चालन जनप्रिय दलले गर्ने हो भने दलको नेतृत्व पनि जनप्रिय व्यक्तिहरूमध्येबाट चयन हुनुपर्ने उनको भनाइ छ ।

'जसरी जनता मतदानमार्फत दल छान्छन्, त्यसैगरी दलभित्रका लोकप्रिय नेता पनि पार्टी सदस्यहरूले अधिवेशन वा महाधिवेशनबाट छान्ने परम्परा लोकतान्त्रिक दलहरूको आत्मा हो,' उनले भने । राजनीतिक दलका अधिवेशन र महाधिवेशनहरू सम्बन्धित दलका लागि मात्र नभई समग्र मुलुक र लोकतान्त्रिक व्यवस्थाका लागि महत्वपूर्ण हुने खड्काको निष्कर्ष थियो ।

एमाले नेपालको लोकतान्त्रिक आन्दोलनको अग्रणी दलका साथै मुलुक सङ्कटमा पर्दा नेपाली कांग्रेससँग सहयात्रीका रूपमा उभिएको कार्यवाहक सभापति खड्काले स्मरण गरे । उनले लोकतन्त्र, संविधान र स्थायित्वमाथि सङ्कट आउँदा कांग्रेस, एमाले र अन्य लोकतन्त्रवादी शक्तिहरू एक ठाउँमा उभिएर प्रतिवाद गर्दै आएको इतिहास उल्लेख गरे ।

गत भदौ २४ गतेपछि मुलुकको राजनीति पुनः अनिश्चितताको भूमरीमा फसेको टिप्पणी गर्दै खड्काले भदौ २३ गते सुशासनको मागसहित शान्तिपूर्ण रूपमा गरिने भनिएको युवाहरूको सडक प्रदर्शन अप्रत्याशित रूपमा हिंसात्मक बन्दा यस्तो घटना घटेको चित्रण गरे । 'त्यो दिन र भोलिपल्ट भएका आक्रमण, तोडफोड, लुटपाट र आगजनीका घटनामा सुरक्षाकर्मी र नागरिक गरी ५७ जनाले ज्यान गुमाउनुप¥यो, जुन अकल्पनीय र अमानवीय क्षति हो,' उनले भने ।

हिंसात्मक घटनाका क्रममा राष्ट्रपति भवन, सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत, विभिन्न मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका संरचना, मालपोत कार्यालय, प्रदेश तथा स्थानीय तहका कार्यालय, प्रहरी कार्यालयलगायत अत्यावश्यक सेवा र सुरक्षा प्रदान गर्ने निकाय, निजी घर र व्यापारिक केन्द्रमा आक्रमण, तोडफोड र आगजनी गरिनु दुखद् रहेको खड्काले बताए । नेपालको प्रजातान्त्रिक आन्दोलनका ऐतिहासिक स्थल विराटनगरको कोइराला निवास, काठमाडौँ चाक्सीबारीस्थित गणेशमान सिंह निवास र ललितपुर बाँडेगाउँस्थित कृष्णप्रसाद भट्टराईको आश्रमसमेत जलाइएको घटनालाई उनले लोकतान्त्रिक इतिहासमाथिको आक्रमणका रूपमा व्याख्या गर्नुभयो । यी घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउन गठन गरिएको उच्चस्तरीय न्यायिक छानबिन आयोगले निष्पक्ष प्रतिवेदन तयार गर्नुपर्ने उनको माग थियो ।

'नागरिकको जीउधनको सुरक्षा गर्ने सुरक्षाकर्मीको हुर्मत लिने, हातहतियार लुट्ने र निजी सम्पत्ति नष्ट गर्नेहरूलाई कानुनी राज्यले न्यायको कठघरामा उभ्याउँनैपर्छ,' कार्यवाहक सभापति खड्काले भने ।

त्यसैगरि नेकपा एमालेका महासचिव शंकर पोखरेलले नेकपा एमाले झनै शक्तिशाली भएर उठ्ने बताएका छन् ।११ औँ महाधिवेशनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै पोखरेलले खरानीबाट उठेर एमाले अझै शक्तिशाली बनिरहेको बताएका हुन् ।

उनले गत भदौ २३ र २४ गतेको घटनापछि एमालेमाथि संगठित र सुनियोजित रुपमा प्रहार भइरहेको बताए । उनले नेकपा एमाले सकियो भन्ने कतिपयलाई लागिरहेको भएपनि महाधिवेशनमा उपस्थित संख्याले एमाले झनै शक्तिशाली र बलियो बनेर आएको स्पष्ट हुने बताए ।

एमाले सरकारबाट मात्रै बाहिरिएको भन्दै नेपाली जनताको हृदयमा गहिरोसँग बसेको उनको भनाइ छ ।नेपालको इतिहासमा भदौ २३ र २४ गतेको घटना नवयुवाहरुको भावनामाथि खेल्ने देशविरोधी तत्वहरुको काम भएको बताए । नेपालको राजनीतिक आन्दोलनको इतिहासमा ठूला आन्दोलनको नेतृत्व आफूहरुले गरेको उनले स्मरण गरे ।

# कमला पुल निर्माणमा संलग्न अधिकारीहरुमाथि छानविनको तयारी

**जनकपुरधाम ।**
धनुषा र सिरहालाई जोड्ने कमला नदीमाथिको निर्माणाधीन पुल गलत डिजाइनकै कारण भाँसिएको ठहर भएपछि सडक विभागका उच्च तहका अधिकारीहरू छानबिनको घेरामा पर्ने भएका छन् । महालेखा परीक्षकको प्रतिवेदन–२०७९ ले पुलको प्रारम्भिक डिजाइनमै गम्भीर प्राविधिक त्रुटि रहेको निष्कर्ष निकालेको थियो । सोही प्रतिवेदनलाई आधार बनाएर भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले अनुसन्धान प्रक्रिया अगाडि बढाउने तयारी थालेको हो ।



महालेखाको प्रतिवेदनमा पुल निर्माणमा आधारभूत इन्जिनियरिङ मापदण्ड नै बेवास्ता गरिएको भनिएको थियो ।

पुलका पाया आवश्यक लम्बाइभन्दा अत्यन्त छोटा राखिएको, माटो परीक्षणका लागि खन्नुपर्ने बोरहोल संख्या र गहिराइ अपर्याप्त रहेको तथा अनिवार्य मानिने 'पाइल लोड टेस्ट' नै नगरिएको प्रतिवेदनमा उल्लेख छ । यिनै गम्भीर कमजोरीका कारण पुल प्रारम्भिक चरणमै असफल भई भासिन गएको ठहर गरिएको छ । प्रतिवेदनले पुलको प्रारम्भिक डिजाइन तत्कालीन पुल महाशाखाका सीडीई तथा हाल सडक विभागका महानिर्देशक डा. बिजय जैशीले तयार पारेको स्पष्ट उल्लेख गरेको छ । साथै, डिजाइन र स्वीकृति प्रक्रियामा विभागका उपमहानिर्देशक प्रभातकुमार झा समेत संलग्न रहेकाले उनीहरूसहित संरचनात्मक, प्राविधिक तथा प्रशासनिक जिम्मेवारीमा रहेका अन्य अधिकारीहरू पनि छानबिनको दायरामा पर्ने संकेत गरिएको छ ।

यसैगरी, पुलको डिजाइन स्वीकृतिमा संलग्न तत्कालीन सडक विभागका महानिर्देशक दिनकर शर्मा तथा बोलपत्र स्वीकृति प्रक्रियामा संलग्न महानिर्देशकहरू माधवकुमार कार्की, रामकुमार लम्साल र हरिओम श्रीवास्तवको भूमिकासमेत अनुसन्धानको दायरामा आउने भएको हो ।

१४ वर्षसम्म पुल निर्माण अलपत्र परेपछि बढ्दो जनआक्रोशबीच भौतिक पूर्वाधार तथा यातायात मन्त्री कुलमान घिसिङ आफैँ स्थलगत निरीक्षणमा गत महिना आएका थिए । निरीक्षणपछि उनले पुल किन भासियो भन्ने विषयमा प्रतिवेदन अध्ययन गरी छानबिन प्रक्रिया अगाडि बढाउने निर्देशन दिएको मन्त्रालय स्रोतले जनाएको छ ।

कमला पुल निर्माणको ठेक्का तत्कालीन सांसद हरिनारायण रौनियारको पप्पु कन्स्ट्रक्सन र विष्णुप्रसाद शर्माको लुम्बिनी बिल्डर्स प्रालिले संयुक्त रूपमा पाएका थिए । २०६८ जेठमा करिब २५ करोड रुपैयाँ लागतमा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको उक्त पुल २०७१ मंसिरमै सम्पन्न भइसक्नुपर्ने थियो । तर आठ पटकसम्म म्याद थप्दा पनि काम पूरा हुन सकेन र पछिल्लो म्यादसमेत २०८२ असारमा समाप्त भइसकेको छ ।

यसैबीच मन्त्री घिसिङले सडक विभागअन्तर्गत वर्षौंदेखि अलपत्र पारिएका ठेक्का तोड्ने, काम नगर्ने निर्माण कम्पनीलाई कालोसूचीमा राख्ने अभियान नै थालेका छन् । नवौँ पटक ठेक्का म्याद थप नहुने प्रतिबद्धता जनाए पनि महानिर्देशक जैशीले कूटनीतिक शैलीमा पुनः म्याद थप प्रक्रिया अघि बढाइसकेको विषयले मन्त्रालयभित्रै प्रश्न उठाएको छ ।

**कसरी भासिएको थियो पुल ?**

त्रुटिपूर्ण डिजाइन र गुणस्तरहीन कामका कारण उद्घाटन हुन एक साता मात्रै बाँकी छँदा लगभग ५ वर्ष अगाडी २४ करोड ४२ लाख रुपैयाँको लागत निर्माण गरिएको सो पुलको यस्तो हविगत भएको थियो ।

२०६८ साल मंसिरमा शिलान्यास भएको ४ सय ७० मिटर लामो पुलको १२ वटा स्पाम मध्ये २०७८ साल असार २० गते आएको बाढीका कारण दुईटा पिलरसँगै स्ल्याब पनि भासिएको थियो ।

४ सय ७० मिटर लामो र ११ मिटर चौडाइको सो पुल निर्माण गर्ने ठेक्का पप्पु लुम्बिनी विल्डर्स जेभी कन्स्ट्रक्सनले २४ करोड ९१ लाखमा २०६८ जेठ ३१ मा लिएको थियो । २०६८ साल मंसिरमा सो पुल निर्माणका लागि विधिवत रूपमा शिलान्यास गरिएको थियो ।

तीन वर्षमै सम्पन्न गर्ने भनी ठेक्का लिएपनि निर्माण कम्पनीले समयमा काम गर्न नसक्दा पटक–पटक म्याद थप गर्दै अन्ततः पप्पु कन्स्ट्रक्सनबाट सो ठेक्काबाट पछाडी हटेको थियो भने २०७६ असोज १ मा लुम्बिनी विल्डर्स कन्स्ट्रक्सनले सो कामको जिम्मा लिएको थियो । लुम्बिनी विल्डर्सले कार्य सम्पन्न भएको देखाएर २०७८ असारमा उद्घाटन गर्ने तयारी गरेको थियो । तर उदघाटन हुनुभन्दा एक साता पहिले नै सिरहा नगरपालिका–६ बसपिट्टा घाटनजिकै पुलको एउटा स्पाम (पाया) भासिएको थियो । सो स्पाम भासिएसँगै दुईवटा स्ल्याब ७८.२० मिटर तल झरेको थियो ।

# मल्लिकको अध्यक्षमा मिनापको नयाँ कार्य समिति

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मिथिला नाट्यकला परिषद् (मिनाप) को अध्यक्षमा सुनिलकुमार मल्लिक चयन भएका छन् । शनिबार मिनापको ४६ औँ साधारणसभाको बन्द सत्रमा मल्लिकको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति चयन भएको हो ।

मिनापको बन्दसत्रबाट उपाध्यक्षमा रामनारायण ठाकुर र संगिता देव, महासचिवमा विष्णुकान्त मिश्र, सचिवमा धिरज ठाकुर र कोषाध्यक्षमा अनितारानी मण्डल चयन भएकी छन् ।

यस्तै, सदस्यहरुमा इन्द्रेश मिश्र, मुकेश झा, ध्रुव झा, चन्द्रशेखर यादव, मुकेश ठाकुर, सन्नी राउत र गंगानाथ झा सर्वसम्मत रुपले चयन भएका छन् ।

मिनापको साधारणसभाको उद्घाटन सत्रमा प्रमुख अतिथिको रुपमा बोल्दै जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज साहले मिनापलाई अब दैनिक रुपमा नाटक प्रस्तुत गर्न आग्रह गरे ।

उनले जनकपुरधामको पर्यटन विकास एवं पर्यटकलाई टिकाउन मिनापले नयाँ नाटक घरमा नाटक प्रस्तुत गर्नुपर्ने बताए । यस्तै, रोशन जनकपुरीले मिनापले जानकी लिला प्रस्तुत गरेर मात्र नहुने बताए । उनले मिनापले पछिल्लो समय जानकी लिला बाहेकका नाटकहरु गर्न नसकेकोमा दुःख व्यक्त गरे । यस्तै परमेश्वर कापरी, नेतृ विभा ठाकुर, नेपाल पत्रकार महासंघका अध्यक्ष पुरण गुप्ता लगायतकाले उद्घाटन शत्रमा शुभकामना मनतव्य दिएका थिए ।



मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन